वर्ष : १८, अंक : ४९, काठमाडौं, २०७९ चैत २४ गते शुक्रबार, 7 April 2023, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvani

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## संसदमा उपेन्द्रको उपस्थिति अपरिहार्य : माधवकुमार नेपाल



बारा । नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले संसद र सिंगो देशलाई उपेन्द्र यादवको आवश्यक्ता रहेको बताएका छन् ।

जसपा अध्यक्ष एवं बारा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्यका उम्मेदबार उपेन्द्र यादवको निर्वाचन क्षेत्र पुगेर बिहीबार कलैयामा नेता नेपालले राष्ट्रिय राजनीतिको केन्द्रमा यादवको आवश्यक्तालाई औल्याएका हुन् ।

बाराको क्षेत्र नं २ मा सत्ता गठबन्धनको साझा उम्मेदबार रहेका जसपा अध्यक्ष यादवको पक्षमा माहोल बनाउन नेपाल बुधबार साँझ कलैया पुगेका थिए ।

बारा २ को चुनावी मैदानमा रहेका यादवलाई भेटमा नेपालले गठबन्धनको जीत सुनिश्चित रहेको दाबीसमेत गरेका छन् ।

जसपा अध्यक्ष यादवलाई विजयी बनाउन अपील गर्दै नेता नेपालले भने, 'सिंगो देश र संसदलाई उपेन्द्र यादवको खाँचो छ, त्यसैले राष्ट्रले खोजेको नेता उपेन्द्र यादवलाई अत्याधिक मत दिएर विजयी गराउन नेकपा एसको पार्टीपंक्ति एवं सिंगो बाराबासीलाई आग्रह गर्दछु ।'

नेपालको राजनीतिक परिवर्तनका लागि महत्वपूर्ण मानिएको लोकतान्त्रिक गणतन्त्र स्थापनामा मधेश जनविद्रोहको उच्च स्थान रहेको भन्दै नेता नेपालले मधेश विद्रोह, पहिचान, समावेशी र संघीयता जस्ता महत्वपूर्ण परिवर्तनका एजेन्डालाई संस्थागत गर्न देश र प्रदेशहरुको समयानुकूल विकास गर्न संसदमा जसपा अध्यक्ष यादवको उपस्थिति अपरिहार्य रहेको जिकिर गरे ।

अध्यक्ष नेपालले बुधबार नै मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवसँग पनि भेट गरेका थिए । भेटका क्रममा मधेश सरकारका गतिविधि बाराको चुनावी अभियान बारे छलफल गरेका थिए ।

# ठूला दलको विभेदीकरणको निरन्तरता

## कांग्रेस, माओवादी केन्द्र र नेकपा एसका लागि मधेशी मतदाता र करदाता मात्रै







मधेशवाणी डेस्क

काठमाडौं । साझा नेपाल हुनुपर्ने धारणा राखेको वर्तमान सत्ता गठबन्धनका प्रमुख दलहरुको व्यवहारमा कुनै समानता देखिएको छैन । नेपालमा मधेशीसँग रंगभेदको राजनीति हुँदै आएको तथ्यलाई कसैले नर्कान सक्दैन । यी र यस्ता थुप्रै उदाहरण छन् जसले प्रमाणित गरेको छ कि नेपालमा वर्षौंदेखि मधेशीसँग रंगभेदको राजनीति हुँदैआएको छ । मधेशको मत र कर मात्र लिने राज्यसत्ताले मधेशीलाई कहिल्यै पनि यो राज्यको अंगको रूपमा स्वीकार गर्न सकेनन् ।


अहिलेसम्म ठूला भनाउँदा राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा एस र माओवादी केन्द्रको तर्फबाट सरकारमा पठाइएका अनुहारमा मधेशी शून्यकै हाराहारी छ । यी दलहरु मधेशबाट मधेशकेन्द्रित दलभन्दा बढी मत ल्याए तर मधेशको हक अधिकारको कुरा उठ्दा मधेशकेन्द्रित दलको जिम्मेवारी मात्रै हो जस्ता व्यवहार देखिएको छ । मधेशका समस्याबारे मधेशी दलले मात्र आवाज उठाउनुपर्ने मानसिकता गएको छ । ठूला दलहरूले मधेशको मत र करसँग मात्र सरोकार राखेका छन् । त्यसैले, यस्ता मानसिकताबाट माथि उठ्नुपर्ने आवश्यक छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिमण्डल पुनर्गठन गदा माओवादी, कांग्रेस र नेकपा एसले मधेशीलाई स्थान दिएका छैनन् । बरु मधेशकेन्द्रित दलहरु जसपा र लोसपाले समावेशी चरित्र देखाएको छ । अहिले जसपाबाट मन्त्री पठाउँदा आदिवासी जनजातिलाई दिएको छ भने लोसपाले खसआर्यलाई पठाएको छ ।

नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का उपप्रधानमन्त्री एवं रक्षामन्त्री नेकपा (माओवादी केन्द्र) बाट वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ उपप्रधानमन्त्री एवं गृहमन्त्री बनेका छन् । त्यस्तै नेपाली कांग्रेसबाट डा प्रकाशशरण महत अर्थमन्त्री, रमेश रिजाल उद्योग,

बाँकी अन्तिम पृष्ठमा

### वर्तमान सरकारमा कांग्रेस, माओवादी र नेकपा एसको तर्फबाट प्रतिनिधित्व




## बहुरूपिया उम्मेदवारलाई बारावासीले हराउँछन् : आजपा अध्यक्ष साह



रौतहट । रौतहटको ईशनाथ नगरपालिकामा आम जनता पार्टीको नगर अधिवेशन संम्पन भएको छ । पार्टीका जिल्ला अध्यक्ष धर्मेन्द्र पटेलको अध्यक्षतामा प्रमुख अतिथि आजपाका राष्ट्रिय अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साह रहेका थिए ।

नगर अधिवेशन कार्यक्रमलाई सम्बोधन गर्दै आजपा अध्यक्ष साहले बारा २ मा हुने उपनिर्वाचनमा सदैव मधेशी जनतालाई ठग्दै आएका मधेश विरोधीहरु चुनाव लड्न खोजेको भन्दै त्यस्ता लुटेरालाई पराजित गर्न आ-आफ्ना ठाउँबाट लाग्नु पर्ने बताएका छन् ।

जसपा अध्यक्ष उपेन्द्र यादवलाई लक्षित गर्दै उनले भने सप्तरीमा नफलेको फल बारामा फल्दैन, सप्तरीका जनताले लखेटेको नेतालाई बाराका जनताले पराजित गरेर नै छाड्ने जिकिर गरे ।

पूर्व मन्त्री प्रभु साहले भने छिमेकीको खेतमा नफलेको मकै हाम्रो खेतमा फल्दैन्, नुन कहिल्यै पनि चिनि हुन सक्दैन् तथापि त्यस्ता भ्रष्ट तथा मधेसी विरोधी नेतालाई मतदान गर्नु आफ्नो अधिकार खेर फाल्नु सरह हुने छ ।

बाँकी अन्तिम पृष्ठमा

# मधेश प्रदेशमा नेपाल एकीकरणबारे संग्रहालय खोल्न आग्रह



काठमाडौं । मधेश प्रदेशका निवर्तमान प्रदेश प्रमुख डा.राजेश अहिराजले गोरखा संग्रहालय मधेशमा पनि विस्तार गर्न आग्रह गरेका छन् ।

आइतबार गोरखा संग्रहालय पुगेर गोरखा संग्रहालय स्थापना गर्न रौतहटस्थित आफ्नो जग्गा उपलब्ध गराउने प्रतिवद्धतापत्र पेश गरेका हुन् ।

गोरखा संग्रहालय प्रमुख नवराज अधिकारीलाई पेश गरिएको सो पत्रमा गढीमाइ नगरपालिका वडा नं. ४ स्थित सुन्दरपुर(संग्रामपुर) क्षेत्रमा गोरखा संग्रहालय स्थापना गर्न आठ कट्ठा जग्गा उपलब्ध गराउने प्रतिवद्धता गरिएको छ ।

'रौतहट जिल्ला गढिमाई नगरपालिका ४ सुन्दरपुर क्षेत्रमा गोरखा दरबार संग्रहालय विस्तार गरी नेपाल एकीकरणसंग सम्बन्धित ऐतिहासिक जानकारीहरु त्यस भेगका जनतालाई सम्प्रेषण गरी राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्न स हयोग पुग्ने देखिन्छ', अहिराजद्वारा संग्रहालय प्रमुख नवराज अधिकारीलाई पेश गरिएको पत्रमा लेखिएको छ, 'उक्त स्थानमा पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने जग्गाका लागि मेरो निजी भोगाधिकारभित्र रहेको जग्गाबाट आठ कट्ठा जग्गा उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गर्दछु ।'

त्यहाँभित्र पृथ्वीनारायण शाहको शालिक तथा नेपाल एकीकरण महाअधियानसंग

बाँकी अन्तिम पृष्ठमा

## मधेशी मोर्चाद्वारा प्रधानमन्त्रीलाई ध्यानाकर्षण




जनकपुरधाम । लोकतान्त्रिक मधेशी मोर्चाले धनुषाका प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्री पुष्पकमल दहाललाई ११ बूँदे ध्यानाकर्षण प्रेषित गरेको छ ।

मोर्चाका सयौं कार्यकर्ताहरु जनकपुरधामको जनकचौकमा भेला भई जुलुसको रुपमा ध्यानाकर्षणको पत्र बुझाउन जिल्ला प्रशासन कार्यालयमा गएका थिए ।

तराई-मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेशचन्द्र लाल, वरिष्ठ नेता डा. विजय कुमार सिंह, नेपाल सद्भावना पार्टीको अध्यक्ष रामकुमार महतो, इतिहासिक जनता पार्टीका अध्यक्ष बद्रीनारायण ठाकुर, राष्ट्रीय सद्भावना पार्टीको प्रवक्ता राजेश्वर ठाकुरसहित महोत्तरी गा.पा को अध्यक्ष दिलिप पाण्डे, रामकृपाल साह, रामजी राय, रविशंकर लाल सुभाष, बिभा ठाकुर, सतीश लाल दास, बिमला साह, जोगीन्दर राय, भोलानाथ झा, ब्रजकिशोर सिंह, रवि वर्मा, मदन सिंह, नबीन सिंह, नारायण राउत, भागिरथ लाल, लगायत सैकडौं नेता र कार्यकर्ताहरुको उपस्थिति थियो ।

ध्यानाकर्षण ज्ञापनमा निम्न बूँदाहरुमा लोकतान्त्रिक मधेशी मोर्चाले आफ्ना मांगहरु प्रस्तुत गरेको छ :

१. विधिको शासन र लोकतान्त्रिक अभ्यासको पूर्ण पालना होस् ।

२. मधेश, थरुहट, आदिवासी जन-जाति, मुस्लिम, दलित, पिछड़ा वर्गको मांगको सम्वोधन र स्थानीय र प्रादेशिक तहको प्रतिनिधित्व गर्ने संघीय संसदको सदन राष्ट्रीयसभामा जनसंख्या आधारित प्रतिनिधित्व तथा संघीय संसदीय अभ्यासमा राष्ट्रीयसभाको समान भूमिका लगायतका विषयमा त्रुटिहरु सुधार्न संविधानको संशोधन गरियोस् ।

३. राज्यका हरेक अंगमा समानुपातिक समावेशिता लागू गरियोस् ।

४. निर्वाचन प्रणालीमा देखिएका पैसा, बाहुबल, जातवादबाट मुक्ति र सबै समुदाय तथा क्षेत्रबाट जनताको सही प्रतिनिधित्वको चयन सुनिश्चित गर्न पूर्ण समुपातिक निर्वाचन पद्धति लागू गरियोस् ।

५. स्थानीय तहको निर्वाचन गैर दलीय आधारमा गरिने व्यवस्था होस् ।

बाँकी अन्तिम पृष्ठमा

# पहिचानवादी आन्दोलनकारीहरूको माग सम्बोधन गरिनुपर्छ



### विश्वराज किरात

हामी आदिवासी जनजाति भएकैले वर्षौंदेखि राज्यसंयन्त्रका हरेक पक्ष र शासकबाट पीडित रहेको जगजाहेरै छ । फलत: संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यव्यवस्थासम्म आइपुग्दा त्यस्ता कथा-व्यथा करिबवन उस्तै छ । तर पनि आदिवासी जनजाति, दलित -उत्पीडित, मधेशी, थारू, मुस्लिम, सीमान्तकृत्, अल्पसंख्यक, पिछडिएका वर्ग, समुदाय, क्षेत्रका वासिन्दाहरु आफ्ना शतप्रतिशत मताधिकार जस्तो सुरक्षित अधिकार प्रति गम्भीर र सचेत नबनिदिदा शासकहरुले सदैव राष्ट्र अनि राष्ट्रवासी माथि हालिमुहाली गरिरहेको नकार्न सकिन्न ।

यस्तै परिस्थिति बिच गुज्रिरहेको नेपाली राजनीति संघदेखि प्रदेशसम्म नै गिजोलिएको छ। यिनको ज्वलन्त दृष्टान्त केन्द्रीय सरकार गठन भएको तीन महिना पूरा भइसक्दा पनि सरकारले पूर्णता पाउन नसक्नु । त्यस्तै संविधान प्रतिकूल नामाकरण भएका सातै प्रदेश राज्य सरकार परिवर्तन गर्ने-गराउने दाउपेचमा रुमल्लिरहनु हो ।

यसै सन्दर्भवश तत्कालीन प्रदेश ण्ज्ञलाई अहिलेको प्रदेश गठबन्धन एमाले नेतृत्व सरकारले झण्डै एक महिना अघि बहुसंख्यक अस्तित्व र पहिचान पक्षधर आमनागरिकका मनोभावनालाई निष्प्रभावी ठानि हठात् कोशी नाम राख्नु जस्ता अन्य गतिविधि गर्न् मै तल्लीन छन् । त्यहीं कोशी नामकरणले प्रदेश ण्ज्ञका पहिचान पक्षधर आमनागरिकहरु यतिखेर गाउँ, बस्ती, शहर सबै ठाउँमा आन्दोलित छ ।

यसरी अस्तित्व र पहिचानको निशानामा करिब महिना दिन यतादेखि होमिएका आन्दोलनकारीहरुको माग कोशी प्रदेश खारेज गरी पहिचान झल्कने प्रदेश नामाकरण बारे प्रदेश सरकारको त कुरै छाडौं संघीय सरकारसमेत कानमा तेल हालेर बसेको अवस्था छ । यता पहिचान को खातिर गाम, बस्ती, शहरमा उठेको शान्तिपूर्ण आन्दोलन, नारा- जुलुश, सभा-सम्मेलनलाई सरकारले गरेको हस्तक्षेप स्वरुप सशस्त्रधारी प्रहरीको बर्बर दमनबाट एकजना होनाहार अस्तित्व र पहिचानका कट्टर योद्धा लाजेहाङ उर्फ पदम लिम्बूले शहादत प्राप्त गरिसकेका छन् भने, दर्जनौको टाउको फुट्नका साथै हात, खुट्टा भाचिएर सक्त घाइते भएको अवस्थामा छन् ।

यी सबको जिम्मेवारी पहिचान विरोधी विशेषगरी अहंकारी जातिवादका पृष्ठपोषक प्रदेश ण्ज्ञसरकारले लिनु पर्छ र संघीय सरकारले पहिचानवादी आन्दोलनकारीहरुको मागलाई समयसापेक्ष ठानि यथाशीघ्र सम्बोधन गरिनु पर्दछ। अन्यथा आगोका झिल्कोको रुपमा शुरु भएको प्राचीन सभ्यता किरात विरासतको पहिचान पक्षधर संघर्ष त्यतिकै शिथिल हुन्छ भन्न ठान्नु गलत साबित हुनेछ । नकि, अस्तित्व र पहिचान जस्तो जनसंघर्षले भोलि मुलुकको भविष्य नै अन्धकार नै नहोला भन्न सकिन्न ।

यसर्थ समयमै संघीय सरकारले संविधानत: कोशीको विकल्प आपसी सहमति र समझदारीमा पुन: नामाकरण गर्न ढिला गरिनु हुन्न । यसका लागि सत्ताधारी राजनीति दल एवं शासकसमेतले सदाशयता देखाउन आवश्यक छ । उत्ता अस्तित्व र पहिचान पक्षधर आन्दोलनका अगुवा, अभियन्ता लगायतले आन्दोलनबाट हुन सक्ने सम्भावित जनधनको क्षति र असरप्रति पनि गम्भीर बन्दै प्रदेशको नाम जुराउने कर्ममा मतैक्यता सहित सरकारसँग वार्ताको वातावरण तय गर्न अत्यावश्यक छ ।

यता सरकारले पनि अस्तित्व र पहिचानको सवाललाई लिएर भईरहेको जनआन्दोनलाई पनि नजरअन्दाज गर्न हुन्न भन्ने यथार्थता बुझ्नु अपरिहार्य छ । एक छेउबाट शुरुवात भएको आन्दोलन झनझन चर्किदै अघि बढ्ने हो भने, देशभर नै त्यसको असर पर्दैन भन्न सकिन्न। तसर्थ केन्द्र सरकारले नै आमप्रदेशवासीको चाहना र मागलाई ध्यान दिदैं समाधान तर्फ अग्रसर हुनु समयोचित ठहरिने छ ।

त्यस्तै पहिचान पक्षधर अगुवाहरुले पनि विगत अनि वर्तमानलाई हृदयङ्गम गर्दै निष्कर्षमा पुग्न साझा विन्दुको निम्ति दिशानिर्देश गर्नु सान्दर्भिक देखिन्छ । बल्लकि, अस्तित्व अनि पहिचान जस्तो मुद्दालाई बहस पैरवी र छलफलको समयमा बिलखबन्दमा पार्ने खालका अभिव्यक्ति दिनका साथै तत्काल सबैका लागि मान्य हुँदै आएको भाष्यलाई अहिले आएर होइन, हुन सक्दैन भन्ने मानसिकता प्रस्तुत गरिनुले पनि पहिचानधारी प्रदेश राज्यको नामाकरण हुन नसक्नुको सारतत्त्वको रुपमा बुझ्दा अन्यथा हुन्न । अत: यसका लागि पहिचान पक्षधर राजनीतिकर्मी, सामाजिक, धार्मिक अभियन्ता, बुद्धिजीवी, आन्दोलनकारी

बाँकी अन्तिम पृष्ठमा

## सम्पादकीय

# सरकार, ढिलाइ संस्कृतिको विस्तार नगर

हालै राष्ट्रिय जनगणनाको नतिजाले पनि देशको ठूलो हिस्सा कृषिमा आधारित रहेको जनाएको छ । सरकारले कृषिमा जोड दिनुपर्ने कुरो जनगणनाको परिणामले पनि जनाएको छ । तर सरकारले धानको समर्थन मूल्य तोक्न ढिलाइ गरेको छ । सरकारले धान खरिदमा पनि फेल गरेको छ/ । चालु आर्थिक वर्षमा किसानको सवा ३ लाख टन धान किन्ने लक्ष्य राखेको थियो । सरकारले १० प्रतिशत मात्रै खरिद गरेको छ/ ।

सरकारी आकडा अनुसार यस वर्ष ५४ लाख ८६ हजार ४ सय ७२ टन धान उत्पादन भयो । तर, खाद्य व्यवस्था तथा व्यापार कम्पनीले जम्मा १३ हजार ४ सय ३४ टन र कृषि मन्त्रालयले सहकारीमार्फत २२ हजार टन मात्रै खरिद गरेको छ ।

सरकारले किसानका नाममा धेरैजसो ठाउँमा व्यापारीबाटै धान खरिद गरेको सुनिएको छ/ । रोपाइँ हुनुअघि नै समर्थन मूल्य तोक्नुपर्नेमा धान बाली आधा बिक्री भइसकेपछि मूल्य तोकियो/ । खरिद गर्ने बेला थोरै किनेर सरकारले झुक्याएको किसानका नेताहरूले बताएका छन् ।

एकतिर ढिलो गरी तोकिएको समर्थन मूल्य तोकियो अर्कोतर्फ सरकारले समयमै धान खरिद नगर्दा किसानले व्यापारीलाई

> सरकार आफूलाई समाजवाद पक्षधर भएको भनेपछि जनताका अधिकारहरूको सुनिश्चितता हुने कानुनहरू सक्दो छिट्टो बनाइ त्यसको कार्यान्वयनका लागि संयन्त्र परिचालन गर्नुपर्ने हुन्छ । तर सरकार बनाउनै तीन महिना

बिक्री गर्न बाध्य भए । खाद्य व्यवस्था तथा व्यापार कम्पनीले डिपोबाट मात्र खरिद गर्दा समर्थन मूल्यमा व्यापारीकै रजाइँ भएको छ ।

ढिला गरी समर्थन मूल्य तोकिनुले कमिसन र भ्रष्टाचारले किसानको खल्तीमा आउनुपर्ने मूल्य अरुको खल्तीमा जाने गरेको यही दृष्टान्तले दर्शाउँछ । मजदुरले पसिना सुक्न अघि मजदुरी पाइसक्नुपर्ने भएजस्तै किसानले बाली भित्र्याएको बेला समर्थन मूल्यका आधारमा सरकारलाई धान बेच्नुपर्ने व्यवस्था हुनुपर्छ ।

हरेक समस्याको समाधानका लागि राजधानीको माइतीघर मण्डलामा आएर विरोध प्रदर्शन गरिनुपर्ने संस्कारको राजनीतिलाई अन्त्य गरिनुपर्छ । सरकार आफूलाई समाजवाद पक्षधर भएको भनेपछि जनताका अधिकारहरूको सुनिश्चितता हुने कानुनहरू सक्दो छिट्टो बनाइ त्यसको कार्यान्वयनका लागि संयन्त्र परिचालन गर्नुपर्ने हुन्छ । तर सरकार बनाउनै तीन महिना बित्ने संस्कारको सुरुवात भएको छ । ढिला सरकार बन्ने परिपाटी बन्न हुँदैन । सरकार बनेपछि सरकार ढल्ने वातावरण निर्माण गर्नुपर्छ । सरकारले कृषिमा ध्यान दिनुपर्छ । सरकारले ढिलाइ गर्ने संस्कृतिको विकास र विस्तार गर्न बन्द गर्नुपर्छ । बाटाका म्याद बाहेक तत्काल कारबाही गर्ने आचरणको विकास गर्ने परिपाटी बसाउ ।

# उपनिर्वाचनको आकर्षण र संकेत

## विचार - विश्लेषण

भाग-१७७



उपेन्द्र झा

> समयको प्रतिकूलता सबैले भोगेका छन् । विद्यमान यी ३ शीर्ष दलले पनि भोग्नु पर्ने हुन्छ । नदेखिएका कुराहरुप्रति आकर्षण हुन्छ । जनताले यी तीनै दलको सर्वाङ्ग हेरि सकेको छ । आकर्षण पैदा हुनै कुनै ठाउँ नदेखिएको हुँदा धरातलमा अनेक किसिमका आन्दोलनहरु प्रस्फुटित भइरहेको छ ।

बैशाख १० गते हुने उप निर्वाचनमा देखिएको जीवन मरणको प्रतिस्पर्धा दर्शनीय छ । गत मंसीर ४ गते हारेर पछाडि छुटेका सहयात्री दलका अध्यक्षलाई उपचुनावको माध्यमबाट जिताएर टीमको पूर्णता दिने सत्तापक्षका गठबन्धनले यथाशक्ति प्रयास गरेका छन् भने त्यही गठबन्धनका एउटा घटक जनमतले उम्मेदवारी दिएर अरु सहयात्री दललाई चुनौती दिएका छन् । बारा क्षेत्र नं. २ मा सत्ता गठबन्धनका साझा उम्मेदवार जसपा अध्यक्ष उपेन्द्र यादवलाई जनमतका उम्मेदवारले कडा टक्कर दिएका छन् । नवीनताको खोजीमा त्यहाँको जनमत गयो भने मात्र उपेन्द्र यादबको हार हुन्छ, होइन भने उपेन्द्र यादवको जीत सुनिश्चित छ ।

चितवन क्षेत्र नं. २ मा आफ्नो क्षमता देखाएर जितेका रवि लामिछाने विरुद्ध सबै शक्ति मिलेर उनलाई नागरिकता सम्बन्धि मुद्दामा फँसाएर साँसद पद, राष्ट्रिय स्वतन्त्र पार्टीको अध्यक्ष र सदस्य पद समेत खारेज गरि दिएको थियो । रविले पुनश्च नागरिकता प्राप्त गरि अध्यक्ष पद जोगाए पनि खाली भएको चितवन क्षेत्र नं.२ मा अहिले उम्मेदवार बनेका छन् । युवराज पौडेल भन्ने व्यक्तिले पुनश्च राहदानी मुद्दामा सर्वोच्चमा रीट दिएका छन् । राहदानी सम्बन्धमा मुद्दा चलाउनु नपर्ने महान्यायाधिवक्ताको कार्यालयको निर्णय विरुद्ध युवराजले सर्वोच्चमा रीट हाल्दा १५ दिनको म्याद दिएर मुद्दा नचल्ने कारण देखाउ आदेश भएको छ । रवि लामिछानेलाई पुनश्च संसद प्रवेशमा रोक्ने प्रयास भएको छ ।

रवि लामिछानेप्रति शीर्ष ३ दलको बक्रदृष्टिले राजनीतिमा अगाडि बढ्न नदिन अनेक व्यवधान खडा गरि रोक्ने प्रयास गरिएको छ । सबै व्यवधानलाई पन्छाउँदै रवि बडो उत्साहका साथ अगाडि बढि रहेको तथा समग्र नेपाली जनताको सहानुभूति प्राप्त गर्दै गई रहेको छ । चितवनको जनतामा युवराज पौडेलप्रतिको आक्रोश यति हदसम्म बढेको छ कि सबैले उसको अनिष्ट चिताई रहेका छन् । युवराज पौडेल त भाडाका सिपाही मात्र हुन् । उसको पछाडि ठूलै शक्तिहरु छन् ।

रवि लामिछाने विरुद्ध खनिएका शक्तिहरुले उनलाई एउटा सशक्त नेतृत्वको भूमिकामा रुपान्तरण गर्न लागेको स्पष्ट छ । ३ बटै पार्टीको विकल्पमा भोली रवि लामिछाने आउने सम्भावना प्रवल देखिन्छ । आखिर के छ कि सबै उसको पछाडि लागेका छन् यो आम नागरिकको जिज्ञासा हो । यति अनुमान गर्न कठीन छैन कि ठूला ठूला तस्कर र माफियाले आफ्नो कब्जामा राखेको राज्यसत्तालाई मुक्त पार्ने अभियानमा देशलाई लुटेर खाने धेरै जसो अपराधीहरु जेल जान सक्छन् । यसमा सबै पार्टीका नाम चलेका व्यक्तिहरु पर्न सक्छन् ।

व्यापारी घरानाहरु विस्तारै बैंकिङ क्षेत्र, आर्थिक क्षेत्र तथा राजनीतिमा हस्तक्षेपकारी दखल बनाई सकेको अवस्थामा उनीहरुको स्वार्थपूर्तिबाहेक अरु नतिजा आउन नसक्ने स्थिति सबैले महसूस गरेका छन् । सबै क्षेत्रबाट धन कमाउने यिनीहरुको अभीष्टलाई रोक्ने क्षमता राजनीतिकर्मीलाई पनि छैन । आफतकालमा पार्टीलाई चन्दा दिने यिनै हुन् । विगतमा चन्दा दिए पनि आफू अनुकूल सरकारले नीति नबनाई दिंदा व्यापारमा सास्ती खेप्नु परेकोबाट यिनी राजनीतिमा सक्रिय भएका छन् । यसबाट देशको राजनीति कहाँ जाने भन्ने चिन्ता राजनीतिकर्मीलाई किञ्चित पनि छैन ।

३ दशकसम्म देश र जनताको चिन्ता नहुनु, देखादेखी बेथिती बढ्दै संस्थागत रुप लिनु, जनताले राज्य सुविधा अनुभूत नगर्नु, विकासको गति अवरुद्ध हुनु माफिया राज्य कायम रहेको यसभन्दा ठूलो अरु के प्रमाण हुन सक्दछ । केन्द्रदेखि वडा कार्यालयसम्म जनताले सेवा लिन जाँदा घूस दिनु पर्ने, बिना घूस कुनै काम नहुनु, करको बोझ जनताले नै उठाउनु पर्ने, महँगीको मार जनताले नै खेप्ने, बैंकले मनपरि ब्याज दर बढाएर जनताको सम्पत्ति हडप्ने, यी करतूतहरु माफियातन्त्रको नभै लोकतन्त्रको हुनै सक्दैन । आर्थिक रुपले देश जर्जर भयो नै, जनताले भ्रष्टनेतालाई बोकेर झन् तवाह भयो । भ्रष्टाचारको यति विकास भयो कि हावा, पानी र माटो पनि दुषित भयो ।

जनतामा नैराश्यता व्याप्त भयो । परिवर्तनको चाहना राख्ने जनताहरु गत मंसीर ४ गते धेरै कम नयाँ प्रतिनिधी बदल्न सक्यो । परिवर्तन चाहने जनताहरुले नयाँ ३ वटा पार्टीको (राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी) जन्म दियो । माफिया र ३ बटै शीर्ष राजनीति दलहरुको देशैभरि फैलिएको दरिलो सञ्जाललाई च्यात्दै ३ पार्टीको झण्डै ३ दर्जन साँसद नयाँ भीजन लिएर संसद भवन छिरेका छन् । उनको अगुवाई गर्ने रवि लामिछानेलाई अनेक व्यवधानबाट संसदबाहिर राख्ने साजिशहरु चल्दै छ ।

बैंकिङ क्षेत्रमा ठुल्ठूला व्यापारी घरानाको एकाधिकारले जनसेवाभन्दा बैंकको लाभलाई प्राथमिकतामा राखेका कारण अहिले आफूलाई अवसर प्रदान गर्ने संस्था विरुद्ध ऋणीहरु देशैभरि आन्दोलन गरि रहेका छन् । बैंकिङ क्षेत्रलाई पनि सन्तुलित राख्न नसक्ने यी माफियाहरु देशको भलो कसरी चिताओस् । ऋण सम्झौताभन्दा बाहिर गएर चर्को ब्याज असुल गर्ने तथा व्यापारको अवस्थालाई विचार नगर्ने बैंकहरु अहिले ऋणीको शिकार भएको छ । राष्ट्रिय स्वरुप ग्रहण गरेको लघुवित्त विरुद्धको आन्दोलनलाई सरकारले कसरी सम्बोधन गर्ने भन्ने कुनै योजना छैन । उता मीटर ब्याजको आन्दोलनलाई पनि सम्बोधन गर्ने समस्या छ । मीटर ब्याज भनिएको लगानी आखिर कानूनन भएकोलाई सरकारले कसरी सम्बोधन गर्ने ? अर्थात् बेथितीमा ३ दशकदेखि पीडा भोगि रहेको जनताले कतिञ्जेल यो भारी बोक्ने ?

राजनीतिको फोहोरलाई सफा गर्न एक्लै ज्ञानेन्द्र शाही संसदलाई हल्लाएको छ । रवि लामिछाने आउन बाँकी छ । राजनीतिक धरातलमा जनआक्रोश प्रस्फुटित भई रहेको छ । अब पुराना दलहरुप्रतिको आकर्षण जनतामाझ बाँकी रहेन । तनहुँ - १, चितवन - २ र बारा - २ को जनतामा नवीनताको खोजी गर्ने चाहना त्यसै छर्लङ्ग देखिन्छ । समय सधैं एकनाशको रहँदैन । समयको प्रतिकूलता सबैले भोगेका छन् । विद्यमान यी ३ शीर्ष दलले पनि भोग्नु पर्ने हुन्छ । नदेखिएका कुराहरुप्रति आकर्षण हुन्छ । जनताले यी तीनै दलको सर्वाङ्ग हेरि सकेको छ । आकर्षण पैदा हुनै कुनै ठाउँ नदेखिएको हुँदा धरातलमा अनेक किसिमका आन्दोलनहरु प्रस्फुटित भई रहेको छ । हेरौं, उप चुनावका तीनै क्षेत्रले के संदेश दिन्छ ।

janukjha24@gmail.com

# रविको मुद्दाबारे सरकार र सर्वोच्चका न्यायाधीशहरूले राजनीति गरेको बहस

काठमाडौं । सर्वज्ञहरूको इजलासमा राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष पूर्व पत्रकार रवि लामिछानेको मुद्दामा सरकार र सर्वोच्चका न्यायाधीशहरूले बढी राजनीति गरेको देखिएको बहस हुन थालेको छ ।

कानुनको नजरमा कुनै पनि व्यक्तिलाई मलाई यो थाहा थिएन भन्न र सोको आधारमा अपराधबाट उन्मुक्ति पाउने अधिकार हुँदैन् । अर्थात् कानुनको अनविज्ञतालाई कानुनले मान्दैन् । त्यसैले आम जनता सर्वज्ञ हुन्छ । कतिपय सर्वज्ञहरूले रवि लामिछानेको मुद्दा उनलाई फसाउन खोजिएका छन् । कतिपयले लामिछाने सत्ताधारी समुदायको भएकोले बचाउन खोजिएको आरोप लगाइरहेका छन् । दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गरिएका मधेशी समुदायका रवि भएका भए स्थिति भने अर्को हुन सकेको हुने थियो भन्ने जिकिर पनि कतिपयको रहेको छ ।

रवि आफैंले स्वीकार गरेका छन् । उनले नेपाली र अमेरिकी दुवै नागरिकको हैसियतले राहदानी उपयोग गरेको स्वीकार गरेका छन् । उनले आफूले बदनियतपूर्ण तरिकाले राहदानीको उपयोग नगरेको दाबी गर्छन् । तर उनले एउटा राहदानीबाट विदेश भ्रमण गर्न सकिने अवस्था हुँदाहुँदा अर्को राहदानी के करण आईपुगेर बनाउनुपर्ने भयो भन्ने सवालको जवाफ सार्वजनिक भएको नपाइएको हो ।

यसअघि सर्वोच्च अदालतले रविलाई नागरिकतासम्बन्धी मुद्दामा दोषी ठहर गरिसकेको छ । सो मुद्दामा निर्वाचन प्रयोजनका लागि प्रयोग गरिएको नागरिकता कानुनीरूपमा नब्युँत्याइ प्रयोग गर्नु वैध नभएको भनी फैसला भएको हो । उनले सो फैसला बमोजिम केही समय नागरिकता प्राप्त नगरेका नागरिकको रूपमा बिताएर जिल्ला प्रशासन कार्यालयमा गएर नागरिकता ब्युँत्याएका थिए ।

राहदानी दुरुपयोगको मुद्दामा सरकारले प्रहरीको अनुसन्धान र सिफारिस अनुसार मुद्दा नचलाउने निर्णय गर्नुलाई सरकार राष्ट्रिय स्वतन्त्र पार्टीको समर्थन पाउन गरिको चालबाजीको रूपमा लिइएको सर्वज्ञहरूले बहस गरिरहेका छन् ।

राहदानी दुरुपयोगको मुद्दामा बुधबार सर्वोच्चले रविलाई चुनाव लड्न नपाउने गरी परमादेश हुनुपर्नेमा त्यसो नगरिएकोले राजनीति गरिएको बहस भइरहेको छ । रविले चितवनबाट चुनाव नलड्दा उनको पार्टीको तर्फबाट अरु चुनाव जितेर आउँदा अपूरणीय क्षति हुने थिएन् । तर रविले चुनाव जितेर आउने र राहदानी दुरुपयोगको मुद्दामा दोषी ठहर भए फेरि उपचुनाव गराउनुपर्ने भए सरकारी खर्च बढ्ने पक्कापक्की भएको देखिन्छ । यस्तोमा यसअघि निर्वाचन आयोगले कानुनी प्रावधान अनुसार निर्णय लिन नसक्दा चितवनमा रवि जितेर आउँदा उपनिर्वाचन भइरहेको छ ।

रवि फेरि जितेर आए र राहदानी दुरुपयोगको मुद्दा एक वर्षदेखि पाँच वर्ष लम्बिएर जाने अवस्था रहेको छ । अग्राधिकार पाएका मुद्दा सर्वोच्चमा धेरै छन् । यो मुद्दा अग्राधिकार पाएपनि पेशीमा चढेर सुनुवाइ सकिएर फैसला आउने समय पाँच वर्ष बढी समय लाग्ने अवस्थालाई इन्कार गर्न सकिँदैन् ।

यस्तोमा राहदानीको दुरुपयोग मुद्दामा दोषी ठहर भए पाँच वर्षसम्म रवि सांसद मन्त्री बनेर गर्ने काम र उनको लागि हुने खर्चको भर्पाइ कसरी हुने सर्वज्ञहरूको इजलासमा बहस गरिएको छ ।

बुधबार पासपोर्टको विषयमा परेको रिटमा सर्वोच्च अदालतले महान्यायाधिवक्ताको कार्यालयलाई १५ दिनभित्र लिखित जवाफ पेस गर्न आदेश दियो । युवराज पौडेल 'सफल' ले दायर गरेको रिटमाथि सर्वोच्च अदालतका न्यायाधीश हरि फुयाँलको एकल इजलासमा बुधवार सुनुवाइ सकिएपछि कारण देखाऊ आदेश जारी भयो ।

अमेरिकी नागरिक नै रहेको अवस्थामा नेपालको राहदानी लिएको विषयमा लामिछाने उपर कानुन बमोजिम छानबिन गरी मुद्दा दायर गर्नु भन्दै विपक्षीहरूका नाममा परमादेश जारी गर्नुपर्ने पौडेलको माग रहेको छ । आफू अमेरिकी नागरिक हुँदाहुँदै नेपाली नागरिकता पेश गरी पासपोर्ट निवेदन फारम भरी नेपाली राहदानी प्राप्त गर्नु राहदानी ऐन, २०२४ को दफा ५(ख) विपरीतको कार्य र कसुर हो भन्ने कुरामा विवाद नहुँदा नहुँदै महान्यायाधिवक्ताले लामिछाने उपर मुद्दा नचलाउने निर्णय गर्नु दुराग्रहपूर्ण छ भन्ने प्रस्ट रहेको उनले जिकिर गरेका छन् । त्यस्तै राहदानी प्राप्त गर्ने कार्यमा लामिछानेको आपराधिक मनसाय नरहेको भनेर महान्यायाधिवक्ताले आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गएर निष्कर्ष निकालेको पनि पौडेलको दाबी छ ।

आफ्नो आदेशमा सर्वोच्चले भनेको छ, 'यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार कारण सहित यो आदेश प्राप्त भएको मितिले बाटोका म्याद बाहेक १५ दिन भित्र विपक्षी नं. १, २, ३, ४, ५, ६ र ७ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र विपक्षी नं. ८ को हकमा आफै वा आफ्नो कानुन बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना जारी गरी सो को बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्याद भित्र लिखित जवाफ परे वा अवधि नाघे पछि नियमानुसार पेश गर्नु ।'

यसैगरी संवैधानिक इजलासबाट मिति २०७९ ।१०।१३ मा भएको आदेशको मिसिल समेत निवेदन साथै राखी पेश गर्न तथा प्रत्यर्थी लामिछानेले अमेरिकाको राहदानी त्याग गरिसकेको भन्ने प्रमाणित हुने निस्सा अध्यागमन विभाग वा जिल्ला प्रशासन कार्यालय, काठमाडौं जहाँ भए पनि झिकाई नियमानुसार पेश गर्न पनि अदालतको आदेशमा उल्लेख छ । अदालतले रिटको विषयमा तत्काल अन्तरिम आदेश जारी गरी भने गर्न अस्वीकार गरेको छ ।

# गणतान्त्रिक हिन्दू राष्ट्र स्थापनार्थ हामीले 'नेपाल रक्षा मञ्च' घोषणा गरेका हौं

गणतान्त्रिक हिन्दू राष्ट्र हाम्रो एजेण्डा हो । अहिलेको जनताको राज आइसकेकोले फेरि पनि वंशानुगत शासनसत्ता ल्याउन दिनु हुँदैन । हिन्दू राष्ट्रको नाममा धेरैले भजाउने काम गरेका छन् होला । तर, हामीले गणतान्त्रिक हिन्दू राष्ट्र हुनुपर्छ भनेर सैद्धान्तिकरुपमा अगाडि बढिरहेका छौं ।



हरिचरण साह

नेपाली जनता दल एवं नेपाल रक्षा मञ्चका अध्यक्ष

**० आसन्न उपनिर्वाचनलाई तपाईंहरु बहिष्कार गर्नुभएको हो ?**

– हामीले यो उपनिर्वाचन बहिष्कार गरेको जस्तो देखिएको छ । किनभने हामी निर्वाचनमा भाग लिन्छौं भनेर निर्वाचन आयोगमा दर्ता गराएकै छैनौं । त्यो दर्ता गराउन समयको खर्च हुन्छ । पैसाको पनि खर्च हुन्छ । धेरै किसिमका आर्थिक व्यवभार पर्न जान्छ । खर्च गरेर पनि चुनाव भाग लिँदा जित्ने अवस्था त छैन । जनतामा सही कुरा, सैद्धान्तिक विचार दिएर हुँदो रहेनछ । यो कुरा विगतका सबै निर्वाचनले देखाएको छ नि ।

**० तपाईंहरु जित्ने सम्भावना नदेखेर यो उपनिर्वाचन भाग लिनुभएन ?**

– जित्ने सम्भावना मात्रै होइन कि हामी जित्न सक्दैनौं भन्ने कुरा प्रष्टरुपमा थाहा छ । किनभने यहाँ १०-१२ करोड खर्च गरेर जित्नेहरुको बाहुल्यता छ । चुनाव जित्नका लागि पैसाको खोलो बगाएर जो आएका हुन्छन्, त्यस्ताहरुसँग प्रतिस्पर्धा गर्नु भनेको मुर्ख बन्नु हो । निर्वाचन आयोगको निकम्मापनले गर्दा यो चुनावमा लड्न हामी स्वीकार गरेनौं । केही राम्रा उम्मेद्वारहरु रहन्छन् भने हामीले सहयोग गर्न सक्छौं ।

**० अहिलेको चुनावी प्रणाली त यस्तै छ, भनेपछि तपाईंहरु चुनावमै भाग नलिने ?**

– यो जनताले सोच्नुपर्ने कुरा हो । पैसाको खोला बगाउनेहरुलाई जनताले जसरी जिताएर पठाउँछन्, सोच्नुपर्ने कुरा हो । जनतालाई सोच्न बाध्य पार्छौं हामी । जनताले सही उम्मेद्वारलाई जिताउने वातावरण बनाउन सकियो भने हामी निर्वाचनबाट भाग्ने होइन । गत निर्वाचनहरुमा हामी भाग लिएकै हो नि । यो विचारको राजनीति नभएकोले जनताको पैसा लुटेकाहरु चुनावमा जित्छन् ।

**० अहिलेको उपनिर्वाचनमा बारा २ एकदमै चर्चाको विषय बनेको छ । त्यहाँ जसपा र जनमत पार्टीबीच एक किसिमको वाकयुद्ध नै चलेको छ । यसलाई कसरी हेर्नुभएको छ ?**

– कसैले कसैलाई छेकवार लगाउने कुरा हुँदैन, जनताले गर्ने हो । २०६२/६३ मा हामीले उपेन्द्र यादवलाई सहयोग गरेका थियौं । २०६४ को संविधानसभामा तत्कालीन मधेशी जनअधिकार फोरमको ५३ वटा सिट आएको थियो । त्यतिबेला उपेन्द्रजी हिरो हुनुभएको थियो । त्यसपछि उहाँको मधेशविरुद्ध व्यवहार देखियो र राजनीतिलाई कमाउने धन्दा बनाउनुभयो । त्यसपछि सीके राउतको उदय भएको थियो । सीके राउतले पनि छुट्टै देशको नारा लगाएर मधेशलाई ठग्नुभयो । उहाँ रातारात केपी नेतृत्वको सरकारसँग सम्झौता गरेर आउनुभएको हो नि त । तिनले पनि त्यतिखेर मधेशलाई ठगे । सीके राउतबाट विक्षिप्त भएकाहरु अहिले राष्ट्रिय स्वराज पार्टी गठन गरेका छन् । त्यसैले यिनीहरु जसरी मधेश र मधेश आन्दोलनलाई ठगीको धन्दा बनाएका छन्, तिनीहरु एकआपसमा लडाइ गरिरहेका छन् । राम्रो काम गर्नेलाई हाम्रो नैतिक समर्थन र सहयोग रहनेछ ।

**० बारा २ मा जनमत र जसपाबीच कसले बाजी मार्ला ?**

– गत निर्वाचनमा शिवचन्द्र कुशवाहा पाँच दलीय गठबन्धनका उम्मेद्वार थिए । अहिले पाँच दलको साझा उम्मेद्वार उपेन्द्र यादव हुनुहुन्छ । ठगहरुको जमघटमा कुन ठग जित्छन्, हामीलाई खासै कुनै मतलब हुँदैन ।

**० तपाईंहरुले नेपाल रक्षा मञ्च गठन गर्नुभएको छ । यो नेपाल रक्षा मञ्च के हो त ?**

– नेपाल रक्षा मञ्च भनेको नेपाल आमालाई हरेक किसिमबाट रक्षा गर्ने उद्देश्यले गठन गरेका हौं । हाम्रो हिन्दू सनातनी परम्परामा केही विकृत्तिहरु छन् भने त्यसलाई छोडेर राम्रा कुराहरु अँगालेर नेपाललाई हिन्दू राष्ट्र घोषणा गर्ने योजना छ । त्यसमा विकास, राजनीति, सामाजिक बेथिति, जातीय भेदभाव, रोजगारका विभेदीकरणहरुका विरुद्धमा नेपाल रक्षा मञ्च घोषणा गरेका छौं । हामी नेपालको परिप्रेक्ष्यमा राजनीति गर्नुभन्दा पनि राजनीति गर्नेहरुमाथि कसरी अंकुश लगाउन सक्छौं, विकृत्ति फैलाउनबाट नेपाललाई कसरी बचाउन सक्छौं, त्यो उद्देश्य लिएर हामीले नेपाल रक्षा मञ्च गठन गरेका छौं । हाम्रा छिमेकी राष्ट्रहरुसँग सम्बन्धलाई सुमधुर राख्दै नेपाल र नेपालीका लागि कसरी काम गर्न सक्छौं, त्यसमा हाम्रो जोड हुन्छ । चीनले नेपालको हितमा कुनै काम गर्न चाहन्छ भने उसलाई पनि स्वागत गर्छौं । नेपालको हितका लागि नेपाल रक्षा मञ्च खडा भएको छ भने भारतको हितका लागि खोलिएका भारत रक्षा मञ्चसँगै मिल्दोजुल्दो केही कुराहरु हामी गर्छौं । भारत रक्षा मञ्चका राष्ट्रिय संयोजक सूर्यकान्त केलकरसहितको टोली हालै नेपालका धार्मिकस्थलहरुको भ्रमण गरी फर्किनुभएको छ । उहाँहरुलाई हामीले लुम्बिनीमा स्वागत गरेका थियौं । त्यसपछि देवघाट त्रिवेणी हुँदै पशुपतिनाथ दर्शन गर्दै यहाँका सामाजिक एवं प्रतिष्ठित राजनीतिज्ञसँग पनि भेटघाट गराएका थियौं । नेपाल-भारतको संस्कृति, सभ्यता र धार्मिक सम्बन्धका विषयमा छलफल भएको थियो ।

**० नेपाल रक्षा मञ्चको मूल एजेण्डा हिन्दू राष्ट्र हो ?**

– विकासका लागि हामी एकजुट हुनुपर्छ । एकजुटका लागि हामी बहुसंख्यक सनातनी धर्मावलम्बीहरु छौं । गणतान्त्रिक हिन्दू राष्ट्र स्थापनार्थ हामीले नेपाल रक्षा मञ्च घोषणा गरेका हौं । एउटा एकताको सूत्रमा बाँध्नका लागि एउटा यो मात्रै बाटो छ, जो नेपाललाई रक्षा गर्न सक्छ ।

**० प्रायः हिन्दूवादी संगठनहरुको एजेण्डा राजसंस्था पनि हुन्छ । तपाईंहरुको एजेण्डामा राजसंस्था छ कि छैन ?**

– गणतान्त्रिक हिन्दू राष्ट्र हाम्रो एजेण्डा हो । अहिलेको जनताको राज आइसकेकोले फेरि पनि वंशानुगत शासनसत्ता ल्याउन दिनु हुँदैन । हिन्दू राष्ट्रको नाममा धेरैले भजाउने काम गरेका छन् होला । तर, हामीले गणतान्त्रिक हिन्दू राष्ट्र हुनुपर्छ भनेर सैद्धान्तिकरुपमा अगाडि बढिरहेका छौं ।

**० अहिले धेरै राजा हुँदा त नेपाल धर्मनिरपेक्ष भयो नि ?**

– पहिला हिन्दू राष्ट्रको नाममा एउटा परिवारले जनतालाई शोषण गर्‍यो । त्यो हामीलाई स्वीकार छैन । शासन जनताले गर्नुपर्‍यो, जनताद्वारा निर्वाचित हुनुपर्‍यो ।

**० नेपाल पुनः हिन्दू राष्ट्र हुने सम्भावना छ ?**

– बिल्कुल सम्भव छ । किनभने अहिले हामी देशैभर एउटा अभियान चलाइरहेका छौं । राजासहितको हिन्दू राष्ट्र भन्नेहरु पनि गणतान्त्रिक हिन्दू राष्ट्रलाई स्वीकार्ने वातावरण बन्दै गएको छ । विभिन्न हिन्दूवादी संघसंस्थाहरुले हामीसँग मिलेर काम गर्ने भनिरहेका छन् । हामीले हिन्दूको नाममा मागी खाने जस्तो काम गर्दैनौं । हामी सबैलाई मिलाएर अगाडि बढ्ने अठोट गरेका छौं । तीन करोड नेपाली जनताले स्वयम् आफै सोच्नुपर्‍यो कि आफैले आफैलाई कसरी सहयोग गर्न सक्छौं । हाम्रो नेपाल रक्षा मञ्चले रोजगारका कार्यक्रमहरु पनि ल्याउँदैछ । निकट भविष्यमा हामी एउटा परिणाम देखाउनेछौं ।

**० अहिले राजावादी संघसंस्था र पूर्वराजा ज्ञानेन्द्र शाह आफै पनि सक्रिय देखिँदै हुनुहुन्छ, यसलाई कसरी हेर्नुहुन्छ ?**

– केही राजावादी संघसंस्थाहरु नाटक मञ्चन गरिरहेका छन् । ज्ञानेन्द्र शाहले शान्तिपूर्ण तरिकाले सत्ता हस्तान्तरण गरिसकेपछि, जनताको नासो जनतामा गइसकेपछि अब फेरि पनि त्यो नासो लिन्छु भनेर लाग्नु हुँदैन । नेपाल र नेपालीको हितका लागि पटक-पटक नेताहरुलाई पूर्वराजाले घच्घचाइरहनु सही कुरा हो । प्रधानमन्त्री प्रचण्डलाई नै हेर्नुस्, सय दिन पूरा गरिसक्यो तर जनताका लागि केही पनि काम गर्नुभएको छैन ।

# बारा २ का जनताले उपेन्द्र यादवलाई अत्यधिक बहुमतका साथ संसदमा पठाउनुहुन्छ



रेणुका सिंह

केन्द्रीय सदस्य, जनता समाजवादी पार्टी नेपाल

**० बारा २ को उपनिर्वाचनलाई कसरी हेर्दै हुनुहुन्छ ?**

– बारा २ बाट निर्वाचित सम्माननीय रामसहाय प्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भइसकेपछि स्वाभाविक प्रक्रियाअनुसार उपनिर्वाचन हुन लागेको हो । बारा २ को चुनाव लिएर विभिन्न किसिमका जुन प्रोपोगण्डाहरु फैलाइरहेका छन् । तर, यसलाई हामीले सहजरुपमा लिएका छौं ।

**० तपाईंको पार्टी अध्यक्ष उपेन्द्र यादव यसअघिको चुनावमा पराजित भइसक्नुभएको छ, तर उपचुनावमार्फत् संसद छिर्न चाहनुभएको छ । संसदमा उहाँको आवश्यकता किन महसुस गर्नुभयो ?**

– चुनावमा पराजय वा विजय हुनु लोकतान्त्रिक प्रक्रिया हो । सप्तरीमा उपेन्द्र यादव पराजय हुनुका धेरै कारणहरु थिए । एक पटक निर्वाचनमा पराजय हुँदैमा पुनः चुनाव लड्नु हुँदैन भन्ने कुरा छैन । अहिले देशको परिस्थितिका कारण मधेशका जनता र नेता कार्यकर्ताहरुले संघीय संसदमा उहाँको उपस्थिति अपरिहार्य रहेको महसुस गरेका छन् । मधेशको नाम राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा स्थापित गराउन उहाँको महत्वपूर्ण योगदान छ । आज संघीयताको जननी मानिने मधेश प्रदेश नामाकरणमा हाम्रो पार्टीले अग्रणी भूमिका खेल्यो र जसको नेतृत्व उपेन्द्र यादवले गर्नुभएको हो । अहिलेको अवस्थामा मधेश लगायत सम्पूर्ण उत्पीडितहरुको आवाज बुलन्दरुपमा संसदमा उठाउन उपेन्द्र यादवको आवश्यकता महसुस भएको हो ।

**० तर उपेन्द्र यादव संसदमा पुगेपछि मधेशका एजेण्डाहरु पूरा हुन्छ त ?**

– निश्चितरुपमा संघीय संसदमा उपेन्द्रको उपस्थिति अपरिहार्य छ । मधेश आन्दोलनले उठाएका एजेण्डाहरु मधेशका लागि मात्र नभई मुलुक सम्पूर्ण उपेक्षित, अपहेलित र शोषित पीडित जनताको हितमा रहेका छन् । आज मधेश आन्दोलनकै कारण मुलुकमा संघीयता, समावेशिता लागू भएको हो । त्यसकारण मधेश आन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत र बाँकी मुद्दाहरु लागू गराउन उपेन्द्र यादव संसदमा आउनुपर्ने अपरिहार्यता हो । उपेन्द्र यादव एउटा नेतृत्वदायी व्यक्तित्व, दूरदर्शी सोच भएको नेता हुनुहुन्छ ।

**० सप्तरी २ मा जस्तै बारा २ मा पनि उपेन्द्र यादवलाई पराजित गरेर पठाउने दाबी जनमतका नेताहरु गरिरहेका छन् नि ?**

– कसलाई जिताउने वा हराउने सम्पूर्ण अधिकार जनता जनार्दनमा हुन्छ । बारा २ का जनताले उपेन्द्र यादवको योगदान र दूरदर्शी सोचलाई बुझेका छन् । बारा जिल्लामाथि उपेन्द्र यादवले ठूलो गुण लगाउनुभएको छ । बाराकै नेतालाई उपेन्द्र यादवले मुख्यमन्त्री बनाउनुभएको छ, उपराष्ट्रपति जस्तो सम्मानित पदमा बाराकै नेतालाई पुर्‍याउनुभएको छ । कसैले भन्दैमा उपेन्द्र यादव पराजित हुने होइन ।

**० मधेशमा जसपाको प्रमुख प्रतिस्पर्धी जनमत पार्टी हो ?**

– जनमत पार्टीसँग जसपाको कुनै प्रतिस्पर्धा छैन । हाम्रो प्रतिस्पर्धा भनेको ठूला दलहरुसँग छ । जसपा मुद्दामा आधारित भएर राष्ट्रिय राजनीतिमा स्थापित पार्टी हो । अहिले जनमतका नेताहरुले जसरी जसपा र उपेन्द्र यादवविरुद्ध लागेका छन्, यसबाट प्रष्ट हुन्छ कि उनीहरु आत्तिएका छन् । जनमतका नेताहरुलाई भय भइरहेको छ कि जसपा बलियो भने हाम्रो अस्तित्व समाप्त हुन्छ । जनमतका नेताहरु पराजित मानसिकताबाट ग्रस्ट देखिन्छ ।

**० उपेन्द्र यादवलाई बाहिरिया, फिरंगी भनिरहेका छन् नि ?**

– हाम्रो अध्यक्ष उपेन्द्र यादवलाई फिरंगी भन्छन् भने फिरंगीको परिभाषा नै परिवर्तन गर्नुपर्ने हुन्छ । जो मधेश पुत्र हो, यस धर्तीको पुत्र हो, जसले यहाँसम्म मधेश आन्दोलन हाँकेर ल्यायो, जसले मधेशीको हकहितका लागि यति संघर्ष गर्‍यो, त्यो यदि बाहिरिया हो भने हिजोअस्ति मात्रै बाहिरबाट आएर राजनीतिमा स्पेस बनाउँदै गरेकाहरुलाई भित्ररिया भन्न मिल्छ ? त्यो भए त हामीले बाहिरिया र भित्ररियाको परिभाषालाई नै एकचोटि पुनरावलोकन गर्नुपर्छ ।

**० उपेन्द्र यादवलाई सत्तारुढ दलका प्रमुख पाँच दलको समर्थन रहेको छ, उहाँको जीत सुनिश्चित हो ?**

– चुनावमा पहिले नै जीत सुनिश्चित भनेर भन्न मिल्दैन तर हामी विश्वस्त छौं । सबै प्रमुख दलहरुले पनि हामीलाई समर्थन गरेका छन् । लोकतन्त्रमा बहुमतकै विजय हुन्छ, बहुमत हामीसँग छ । त्यसकारणले हामी भन्न सक्छौं कि उहाँको विजय सुनिश्चित छ । बारा २ का सम्पूर्ण मतदातालाई आह्वान गर्न चाहन्छु कि उपेन्द्र यादवलाई अत्याधिक मत दिएर विजय गराउनुस् ।

**० जसपामा यादवहरुको मात्रै बाहुल्यता छ भन्ने आरोप छ नि ?**

– यस्ता आरोपहरुमा सत्यता छैन । जसपा मात्रै यस्तो पार्टी हो जसले समानुपातिक समावेशिता सिद्धान्तअनुसार सांगठनिक संरचना बनाएको छ । जसपाले सबै जातजाति, वर्ग र समुदायलाई प्रतिनिधित्व गराउँदै आएको छ ।

**० तपाईं लामो समयदेखि राजनीतिमा लाग्नुभएको छ, तर जसपामा कुनै अवसर पाउनु भएन नि ?**

– हो, लामो समयदेखि राजनीतिमा सक्रिय छु । मैले लाभका पदहरु नपाएकै हो । तर, म कुनै लााभ वा अवसरका लागि राजनीतिमा लागेको होइन । म सेवा भावले राजनीतिमा लागेको हुँ । मेरो कार्यको मूल्यांकन गरेर पार्टीले जिम्मेवारी दिँदै आएको छ । आगामी दिनमा मेरो कार्यको मूल्यांकन गरेर अवसर दिनेछ भन्नेमा विश्वस्त छु ।

**० तपाईंको राजनीतिक पृष्ठभूमि के हो ?**

– म बाल्यकालदेखि नै स्व.गजेन्द्र नारायण सिंहले स्थापना गर्नुभएको नेपाल सद्भावना पार्टीप्रति मेरो झुकाव रहँदै आएको थियो । पहिचान र संघीयताको आवाज उठाउने सद्भावना पार्टीबाट जोडिएको थिएँ । मेरो पारिवारिक पृष्ठभूमि पनि राजनीतिक नै थियो । त्यहींबाट विस्तारै राजनीतिमा मेरो झुकाव बढ्दै गयो र पहिचानको लडाइँमा अगाडि बढ्दै गएँ । पछि सद्भावना पार्टी एकीकरण हुँदै जसपा निर्माण हुँदा अहिले पनि यो पार्टीमा सक्रियरुपमा आफ्नो भूमिका निर्वाह गर्दै आएको छु ।

**० राजनीतिमा महिलालाई कतिको चुनौती छन् ?**

– राजनीतिमा महिलाको उपस्थिति चुनौतीपूर्ण छ । राजनीतिमा मात्रै होइन, जागिरका क्षेत्रमा पनि चुनौती छन् । नेपालमा हरेक क्षेत्रमा महिलाको उपस्थिति न्यून छ । पहिलो कुरा त महिला विभिन्न बन्धनमा बाँधिएका हुन्छन् । त्यसमा पनि हाम्रो समाज पितृसत्तात्मक रहेको छ । पारिवारिक ढाँचाले पनि महिलालाई पछाडि पारेको छ । राजनीतिक आवश्यकता भनेको त पछिको हो । पहिला गास, बास, कपास चाहियो, त्यसपछि स्वास्थ्य, सुरक्षा, आत्मसम्मान चाहियो । त्यसपछि मात्रै राजनीति आउँछ । मधेशको महिलाको कुरा गर्दा मधेशको बन्द समाज हो । मधेशका महिलाले आफ्नै परिवारको सदस्यका बीचमा मुख खोलेर निर्धक्क बोल्न सक्ने वातावरण हामीले बनाउन सकेका छैनौं । यसको मुख्य कारण हो शिक्षा । जबसम्म हामीले छोरीलाई शिक्षित गर्दैनौं, जब बुहारीलाई आर्थिकरुपले निर्भर बनाउँदैनौं, तबसम्म राजनीतिमा आउन सक्ने सम्भावना छैन ।

**० तपाईंलाई राजनीतिमा आउन कतिको सहज थियो ?**

– मलाई राजनीतिमा आउन धेरै सहज थिएन तर असहज पनि थिएन । मेरो राजनीतिक पारिवारिक पृष्ठभूमि भएकोले राजनीतिसँग नजिक थिएँ । मैले मेरो बुवाको संरक्षणमा राजनीतिमा विस्तारै लाग्दै गएँ । मेरो बुवाले मलाई शिक्षामा धेरै प्रोत्साहन गर्नुभयो । मैले बोल्न, आफ्नो कुरा राख्न बुवाबाट प्रोत्साहन पाएको हुँ । जब म शिक्षित भएँ अनि अनुभव गरें कि जबसम्म महिलाको अधिकारलाई सुनिश्चित गरिँदैन, तबसम्म महिला अगाडि बढ्न सक्दैन । किनकि सबैले उतिकै सहज र खुला वातावरण नपाएको हुनसक्छ । त्यसरी मभित्र राजनीतिक चेतना माइतीबाट जाग्यो । विवाहपछि मलाई अलि असहज भयो । तर, विस्तारै मैले आफ्नो कुराहरु राख्न थालेपछि सहज हुनथाल्यो ।

# संयुक्त सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रम

सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले गरेका ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष, मधेस आन्दोलनलगायत विभिन्न आन्दोलनमा गरेको त्याग र बलिदानको गौरवशाली इतिहासको स्मरण एवम् सहीद तथा वेपत्ता र पीडित नागरिकप्रति उच्च सम्मान गर्दै,

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, २०७९ मा अभिव्यक्त नेपाली जनताको जनादेशलाई आत्मसात गर्दै,

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै,

जनतामा निहित सार्वभौमसत्ता, संविधानको सर्वोच्चता, स्वतन्त्र न्यायपालिका, नागरिक र मौलिक अधिकार, लोकतन्त्र, समानुपातिक समावेशिता, पूर्ण प्रेस स्वतन्त्रता, कानुनी राज्य, विधिको शासन, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू, उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायको आधारभूत मानव अधिकारको संरक्षण गर्ने प्रतिवद्धता व्यक्त गर्दै,

राष्ट्रिय हित, सामाजिक आर्थिक न्याय तथा लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रहँदै समुन्नत सङ्घीय शासन प्रणालीको माध्यमबाट न्यायपूर्ण, विभेदरहित, समतामूलक, सबल र समृद्ध नेपालको निर्माण गर्ने सङ्कल्प गर्दै,

विस्तृत शान्ति सम्झौतालगायत विगतमा नेपाल सरकार र विभिन्न राजनीतिक दल र पक्षहरूबिच भएका सहमती र सम्झौताहरूलाई हृदयङ्गम गरी देशलाई दीगो शान्ति, सुशासन, विकास र समृद्धिका लागि कटिवद्ध रहँदै,

सङ्घीय लोकतान्त्रिक गणतन्त्र, संविधान र संसदको रक्षार्थ भएको सङ्घर्षको भावनाअनुरूप प्रतिनिधि सभाको पूर्ण कार्यकालको सुनिश्चितता गर्दै,

आपसी सम्वाद, सहमति र सहकार्यमार्फत गठबन्धनको संस्कृति विकास गरी देशमा राजनीतिक स्थायित्व प्रदान गर्न वर्तमान संयुक्त सरकार गठनका लागि पहल गर्ने तथा समर्थन गर्ने दलहरू यो साझा न्यूनतम कार्यक्रममा सहमत भएका छौं।

**१. संयुक्त सरकारका प्राथमिकताहरू**

संयुक्त सरकारका प्राथमिकताहरू देहायबमोजिम हुनेछन्।

१. संविधानको रक्षा र आवश्यकतानुसार परिमार्जन/विकास, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण र सङ्घीयता कार्यान्वयन गर्ने।

२. देशको अर्थतन्त्र रूपान्तरण र सुदृढ गर्न नीतिगत, संरचनागत तथा कार्यगत सुधार गर्ने।

३. समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय सबै प्रकारका विभेदहरूको अन्त्य गरी समता, स्वतन्त्रता एवम् न्यायमा आधारित सामाजिक व्यवस्था निर्माण गर्ने।

४. गुणस्तरीय सेवा प्रवाह, सुशासन र सदाचारको प्रत्याभूति हुने गरी शासकीय सुधार गर्ने। भ्रष्टाचारको छानबीन गरी कडा कारबाही गर्ने।

५. शान्ति प्रक्रियालाई पूर्णता दिन विस्तृत शान्ति सम्झौताका बाँकी कार्यभार तथा विभिन्न पक्षहरूसँग भएका सहमतिहरूको कार्यान्वयन गर्ने।

६. उत्पादनमुखी अर्थतन्त्र, आपूर्ति व्यवस्थामा सुधार तथा समन्यायिक वितरणको व्यवस्था गर्ने।

७. खर्च कटौती र प्रशासनिक झमेलाको अन्त्यका लागि सार्वजनिक प्रशासन चुस्त दुरुस्त बनाउने।

८. जलवायु परिवर्तन, जैविक विविधता ह्रास र वातावरणीय प्रदुषण जस्ता विश्वव्यापी सङ्कटले उत्पन्न गरेको जोखिम न्यूनिकरण गरी पर्यावरणीय सन्तुलन कायम गर्ने।

९. राष्ट्रिय हित (National Interest) को रक्षा एवम् जनताको समृद्धिका लागि स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अबलम्बन गर्ने।

**२. संयुक्त सरकारका नीति र कार्यक्रमहरू**

उपरोक्त प्राथमिकताहरू कार्यान्वयनका लागि हाम्रा नीति र कार्यक्रमहरू देहायबमोजिम छन्।

**२.१.सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण**

१. सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सङ्घीय निजामती सेवा ऐन, नागरिकता ऐन, शिक्षा सेवा ऐन, स्वास्थ्य सेवा ऐन लगायत अति आवश्यक ऐनहरूलाई यथाशीघ्र संसदबाट पारित गराउने। संविधानको अनुसूचिमा उल्लेखित क्षेत्राधिकारहरूसँग सम्बन्धित सङ्घबाट बन्न बाँकी ऐन कानुनहरू प्राथमिकताका साथ निर्माण गर्ने। प्रदेशको क्षेत्राधिकारसँग बाझिएका सङ्घीय कानुनहरू संशोधन गर्ने र प्रदेशको अधिकार सूचिमा रहेका विषयहरूको कानुन निर्माणमा सहजीकरण गर्ने।

२. सङ्घीयता कार्यान्वयनका लागि तीन तहबिचको सरकारको क्षेत्राधिकार र अन्तरसम्बन्धलाई सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा सञ्चालन गर्ने। प्रदेश र स्थानीय तहलाई सबल र अधिकारसम्पन्न बनाउन आवश्यक कार्य गर्ने। संविधानबमोजिम प्रदेशलाई हस्तान्तरण गर्न बाँकी रहेका विभिन्न मन्त्रालयमातहतका निकायहरू हस्तान्तरण गर्ने।

३. सङ्घ, प्रदेश र स्थानीय तहबिच सन्तुलित र न्यायोचित रूपमा राजस्व तथा स्रोत साधनहरू बाँडफाँट गर्ने। राज्यका तर्फबाट प्रदान गरिने सेवा सुविधाहरू जनता निकट पुऱ्याउन प्रदेश तथा स्थानीय तहलाई वित्तीय, प्रशासनिक तथा सङ्गठनात्मक रूपमा सक्षम बनाउने।

४. संविधानप्रदत्त सामाजिक न्यायको हकको सुनिश्चितताका लागि समानुपातिक समावेशी प्रणालीको संवैधानिक व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

५. कुनै पनि नेपाली नागरिक नागरिकता प्रमाणपत्र पाउन र नागरिकका अधिकार उपभोग गर्नबाट बञ्चित हुन नपरोस् भन्ने कुरा सुनिश्चित गर्ने। सरकारले पूर्णता पाएको ६ महिनाभित्र नागरिकता ऐन पारित गर्ने। नागरिकता प्राप्तिमा रहेको लैङ्गिक विभेद अन्त्य गर्ने।

६. सङ्घीय व्यवस्थाको आधारभूत मान्यताअनुरूप निजामती लगायत सबै सरकारी सेवा एवम् सुरक्षा निकायको पुनर्संरचनाको कामलाई पूर्णता दिने।

७. प्रदेशसँगको समन्वयमा प्रदेश प्रहरी समायोजनको काम सरकारले पूर्णता पाएको छ महिनाभित्र सम्पन्न गर्ने।

८. सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणको लागि सङ्घीय संसदले पारित गरेका सङ्कल्प प्रस्तावहरूको कार्यान्वयन गर्ने।

९. बोझिलो केन्द्रिकृत संरचनालाई रूपान्तरण गर्न र सङ्घीय संरचनालाई चुस्त, दुरूस्त र मितव्ययी बनाउन अधिकारसम्पन्न उच्चस्तरीय प्रशासनिक पुर्नसंरचना आयोग बनाउने।

१०. विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्थासहितको निर्वाचन ऐन तर्जुमा गर्ने।

११. प्रदेश तथा स्थानीय तहका लागि आवश्यक कर्मचारीहरू संविधानबमोजिम व्यवस्थापनका लागि सहजीकरण गर्ने।

१२. सङ्घीयताको लाभ गरिब, विपन्न र विभेदमा परेका सबै वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायले लिन सकुन् भन्नाका लागि आवश्यक कार्य गर्ने। दलित, वादी, सीमान्तकृत तथा लोपोन्मुख जाति एवम् पिछडिएको समुदाय र क्षेत्रको उत्थान र विकासका लागि आवश्यक बजेटको व्यवस्था गर्ने।

**२.२. आर्थिक नीति तथा कार्यक्रम**

१.अर्थतन्त्रमा देखापरेको मन्दी, औद्योगिक उत्पादन तथा व्यवसायिक क्षेत्रमा आएको ह्रास, लगानी जोखिम, वित्तीय क्षेत्रमा तरलता संकुचन, उच्च व्याजदर, बढ्दो व्यापारघाटा, न्यून पुँजीगत खर्च, घट्दो राजस्व सङ्कलन तथा पुँजी बजारमा आएको गिरावटलगायतका समस्यालाई आर्थिक, वित्तीय र मौद्रिक नीतिको सामञ्जस्यपूर्ण ढङ्गले कार्यान्वयन गरी अर्थतन्त्रलाई तत्काल गतिशील बनाउने। बजेट प्रणालीलाई नीतिगत, संरचनागत तथा कार्यगत रूपमा पुनर्संरचना गर्ने।

२. जल, जमिन, जङ्गल, जडीवुटी र जनशक्ति जस्ता महत्त्वपूर्ण स्रोत साधनहरूको उच्चतम सदुपयोग गरी मुलुकलाई तीव्र आर्थिक विकासको बाटोमा डोऱ्याउनका लागि पुँजी निर्माण तथा परिचालन, नयाँ प्रविधिको उपयोग, उत्पादक शक्तिहरूको क्षमता विकास, पूर्वाधार क्षेत्रमा लगानी र उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै समन्यायिक वितरणमा आधारित आर्थिक नीति अबलम्बन गर्ने। राष्ट्रिय अर्थतन्त्रको विकासका लागि कृषि, जलस्रोत र पर्यटनको विकासलाई प्राथमिकता दिने। नेपालको मौलिक उत्पादनको विकास र विस्तारका लागि अन्तर्राष्ट्रिय स्तरमा ब्रान्डिङ गर्ने।

३. सरकारी, सहकारी र निजी क्षेत्रको समन्वयात्मक, सहकार्यात्मक तथा क्रियाशील भूमिकाका आधारमा विकास निर्माण लगायतका समग्र आर्थिक कार्यक्रम सञ्चालन गर्ने। आर्थिक क्षेत्रसँग सम्बन्धित संसदमा विचाराधिन सम्पति शुद्धिकरण निवारण ऐन (Anti-Money Laundering Act) चालु अधिवेशनबाटै पारित गर्ने तथा राष्ट्रिय महत्त्वका पूर्वाधार आयोजना कार्यान्वयन ऐन, सार्वजनिक खरिद ऐन आदि तीन महिनाभित्र संसदमा प्रस्तुत गरी पारित गर्ने।

४. वित्तीय सङ्घीयताको मान्यताअनुरूप स्रोत साधनको बाँडफाँट गर्ने। संविधानमा व्यवस्था भएको अधिकारको सूचिबमोजिम सङ्घ, प्रदेश र स्थानीय तीनवटै तहबाट मानव संशाधन र भौतिक पूर्वाधार विकासको नीति लिने। विकास निर्माणका कामहरू गर्दा सामान्यत दुईवटा पालिकामा जोडिएको काम प्रदेशले र दुईवटा प्रदेशमा जोडिएको काम सङ्घले गर्ने मान्यतालाई स्थापित गर्ने। सङ्घले राष्ट्रिय गौरव, रूपान्तरणकारी र रणनीतिक महत्त्वका ठूलाठूला आयोजना तथा कार्यक्रमहरू सञ्चालन गरी मझौला तथा सानासाना आयोजना र कार्यक्रमहरू प्रदेश र स्थानीय तहबाट सञ्चालन गर्ने व्यवस्था गर्ने।

५. स्वदेशी लगानीलाई प्रोत्साहन तथा विदेशी लगानीलाई आकर्षण गर्ने गरी लगानी मैत्री वातावरण निर्माण गर्ने। विदेशी सहयोग र अनुदान उत्पादनशील र भौतिक पूर्वाधार विकासको क्षेत्रमा प्रवाह गर्ने। लगानी मैत्री वातावरणको सुनिश्चितता गर्न आवश्यकतानुरूप आर्थिक ऐन, नियमहरू संशोधन गर्ने। वैदेशिक ऋण भुक्तानीलाई पारदर्शी बनाउने। औद्योगिक विकासलाई तिव्रता दिन प्रत्येक प्रदेशहरूमा विशेष आर्थिक क्षेत्रको स्थापना गर्ने।

६. राजस्व प्रशासनलाई चुस्त, दुरुस्त तथा करदातामैत्री बनाउने। कर छली, आयातमा न्युन विजकीकरण, चोरी पैठारी, तस्करी तथा हुण्डी कारोबारजस्ता गतिविधिको अन्त्य गर्ने। कर प्रणालीलाई प्रगतिशील र व्यवसायमैत्री बनाउने। विगतदेखि कर चुक्ता गर्न नसकेका उद्योग, व्यवसायलाई करमा लगाइएको जरिवाना मिनाहा गरी बाँकी बक्यौता कर किस्तावन्दीमा तिर्ने सुविधा उपलब्ध गराउने। राजस्वको दायरा बढाउन अनौपचारिक आर्थिक गतिविधिलाई औपचारिक क्षेत्रमा ल्याउने। विज्ञापन क्षेत्रलाई पारदर्शी बनाउनका लागि विज्ञापनदाताले सञ्चारगृहको बिल अनुसार भुक्तानी गर्ने व्यवस्था गरी विज्ञापन एजेन्सीले पाउने कमिशनलाई पारदर्शी बनाउने। सामाजिक सञ्जालमार्फत् गरिने विज्ञापनलाई करको दायरामा ल्याउने।

७. सरकारको राजस्वले साधारण खर्चसमेत धान्न नसकेको यथार्थलाई ध्यानमा राखी सार्वजनिक प्रशासनमा रहेको दोहरोपना अन्त्य गर्न नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतिकरण (Unbundaling) प्रतिवेदनलाई पुनरावलोकन गर्ने, त्यसका आधारमा कार्यजिम्मेवारी बाँडफाँट गर्ने, जनशक्ति र स्रोत साधन उपलब्ध गराउने, आवश्यकबाहेक सङ्घका विभागहरू खारेज गर्ने र ओभरस्टाफिङको समस्या हल गर्ने।

८. कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायिकरण गरी गरीवी निवारण गर्न कृषि फार्म, कन्ट्राक्ट खेती र सहकारी खेतीमा जोड दिने। कृषिमा अनुदानको व्यवस्था गर्ने। कृषि उत्पादनको क्षेत्रमा आवश्यक मल, उन्नत बीउ विजन, प्राविधिक शिक्षा, सिंचाइलगायतका सेवा-सुविधा सहजरूपमा उपलब्ध गराउनका लागि किसान कार्डको व्यवस्था गर्ने। मल कारखाना स्थापना गर्ने। कृषि बिमाको व्यवस्था गरी प्राकृतिक प्रकोपबाट हुने बालीनालीको जोखिमलाई न्यूनीकरण गर्ने। किसानलाई योगदानमा आधारित पेन्सन योजना अगाडि बढाउने। कृषि बजार र कृषि उत्पादन खरिदको सुनिश्चिता गर्ने।

९. जल तथा प्राकृतिक स्रोतको दीगो उपयोग र उर्जा विकासमा प्राथमिकता दिँदै आन्तरिक तथा विदेशी लगानी आकर्षित गर्ने। उत्पादनका केन्द्र तथा औद्योगिक क्षेत्रहरूमा चौबिसै घण्टा गुणस्तरीय विद्युत उपलब्ध गराउने। जलासययुक्त आयोजनाहरूको विकासमा जोड दिने। साना तथा लघु विद्युत आयोजनाबाट उत्पादित विजुली सरकारले प्राथमिकताका साथ खरिद गर्ने व्यवस्था मिलाउने। आन्तरिक खपतभन्दा अधिक रहेको विद्युत निर्यातका लागि छिमेकी मुलुकहरूसँग द्विपक्षीय र बहुपक्षीय संवाद अगाडि बढाउने र उच्च क्षमताको विद्युत प्रसारण लाईन जडान गर्ने।

१०. नेपाललाई पर्यटकीय अन्तर्राष्ट्रिय गन्तव्यस्थलको रूपमा विकसित गर्न विमानस्थल, हवाई उड्डयन, हिमाली लोकमार्ग जस्ता पूर्वाधारको विकास गर्ने, पर्यटकीय क्षेत्रका होटल, ट्राभल एजेन्सी, ट्रेकिङ एजेन्सी लगायतका सेवा प्रदायकहरूको विकास तथा गुणस्तर व्यवस्थित गर्ने, साँस्कृतिक, जैविक एवम् भौगोलिक विविधतालाई पर्यटनको मुख्य क्षेत्रको रूपमा विकास गर्ने, राष्ट्रिय निकुञ्ज र आरक्ष क्षेत्रको उचित व्यवस्थापन गर्ने। निजगढ विमानस्थल लगायत पर्यटन क्षेत्रको पूर्वाधार विकासका लागि आवश्यक योजना बनाउने। हरित पर्यटनको विकास गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने।

११. भौतिक पूर्वाधारको दीगो एवम् गुणस्तरीय विकास निर्माण गर्ने, समयमै निर्माण सम्पन्न गर्ने, ५ वर्षसम्म बिग्रेभत्केको मर्मत सम्भार निर्माण कम्पनीले नै गर्नुपर्ने व्यवस्था गर्ने। यातायात क्षेत्रको एकीकृत विकासका लागि स्थल, हवाई, रेल, पानीजहाज र केबुल कार सेवाको एकीकृत योजना निर्माण गरी सार्वजनिक यातायात सेवालाई सुदृढ र व्यवस्थित गर्ने। पूर्वपश्चिम लोकमार्ग ४ लेन तथा काठमाडौं उपत्यकाको रिङरोड ८ लेनमा विस्तारको बाँकी कामलाई यथाशीघ्र सम्पन्न गर्न प्राथमिकता दिने। मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्गलगायतका पूर्व पश्चिम लोकमार्गहरू र उत्तर दक्षिणका कोरिडर तथा व्यापारिक मार्गहरू प्राथमिकताका साथ निर्माण गर्ने।

१२ अत्यधिक रूपमा विप्रेषणमा निर्भर अर्थतन्त्रलाई उत्पादनशिल अर्थतन्त्रमा रूपान्तरण गर्न औद्योगिकरणलाई उच्च प्राथमिकता दिने। आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमूलक उद्योगको विकासमा जोड दिने। पुँजी, श्रम र उद्यमशीलताको संयोजन गरी देशलाई औद्योगिकरण गर्ने, उत्पादनका लाभहरूको समन्यायिक वितरण गर्ने। मुलुकको मध्य भागमा पर्ने गरी एउटा हाइटेक सिटी निर्माणका लागि सम्भाव्यता अध्ययन गर्ने।

१३. डिजिटल नेपालको अवधारणालाई सार्थक बनाउन सूचना तथा सञ्चार क्षेत्रलाई विकास र विस्तार

बाँकी पृष्ठ ५ मा




## मधेश अपडेट

### मधेश सरकारबाट एमाले बाहिरियो

जनकपुरधाम। मधेश प्रदेशका सबभन्दा ठूलो दल नेकपा एमालेका मन्त्रीहरूले मधेश प्रदेश सरकारबाट सामूहिक राजीनामा दिएका छन्। एमालेका तर्फबाट सरकारमा सहभागी भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादव, कानून, न्याय तथा प्रदेश सभा मामिला मन्त्री राजकुमार लेखी, गृह तथा सञ्चार मन्त्री शत्रुधन प्रसाद सिंह, महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्री मोहम्मद जयद आलम तथा गृह तथा सञ्चार राज्यमन्त्री केशव रायले सामूहिक राजीनामा दिएका हुन्। केन्द्रमा आएको सत्ता परिवर्तनका कारणले मधेश प्रदेशको सरकारमा नेकपा एमाले बसिरहन उपयुक्त नभएको भन्दै आफूहरूले राजीनामा दिएको एमालेका संसदीय दलका नेता समेत रहेका सरोज कुमार यादवले जानकारी दिए।

### महासंघको राष्ट्रिय मिडिया सम्मेलन सम्पन्न

रुपन्देही। नेपाल पत्रकार महासङ्घले नागरिक अधिकार, प्रेस स्वतन्त्रता र सूचनाको हक सुनिश्चितता सहितको प्रेसमैत्री कानुन निर्माणको माग गरेको छ। लुम्बिनीमा सम्पन्न राष्ट्रिय मिडिया सम्मेलन पश्चात् आज जारी ९ बुँदे घोषणापत्रमा संविधानअनुसार बन्नुपर्ने सञ्चार सम्बद्ध निकायको गठन तथा पूर्णताका लागि पनि सरकारको ध्यानाकर्षण गराइएको छ। महासङ्घलाई क्रियाशील पत्रकारको साझा सङ्गठनका रूपमा विकास गर्न सदस्यता शुद्धीकरण अभियानलाई थप प्रभावकारी बनाउने निर्णय पनि सम्मेलनले गरेको छ। श्रमजीवी पत्रकार ऐन लगायतका विद्यमान कानुन अनुसारका न्यूनतम पारिश्रमिक, सेवा सुविधा प्राप्तिबाट श्रमजीवी पत्रकारहरू वञ्चित भइरहेको ठहर गर्दै सम्मेलनले ऐनको पूर्ण कार्यान्वयन, समय सापेक्ष न्यूनतम पारिश्रमिकको वृद्धि र तोकिएका सेवा सुविधाहरू पूर्ण कार्यान्वयनका लागि सरकार र सम्बन्धित सञ्चार गृहलाई आग्रह गरेको छ।

### नरैनापुरमा नवनिर्मित 'बिओपी'को उद्घाटन

बाँके। बाँकेको नरैनापुर गाउँपालिका ६ गंगापुरमा नवनिर्मित सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्टको उद्घाटन गरिएको छ। बुधबार एक समारोहका बीच नं ५ बाहिनी मुख्यालय रुपन्देहीका बाहिनीपति बिदुर खडका र नरैनापुर गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाहले संयुक्त रूपमा नवनिर्मित भवनको उद्घाटन गरेका छन्। कार्यक्रममा बोल्दै बाहिनीपति खड्काले सीमा सुरक्षाको जिम्मेवारी बाहेक पनि राष्ट्रले सुम्पेको अन्य जिम्मेवारीमा तल्लीन भएर सशस्त्र प्रहरीले काम गरिरहेको बताए। उनले मुलुकको भूमि एक इन्च पनि तलमाथि नहुने गरी सशस्त्र प्रहरी संवेदनशील भई काम गर्ने जिकिर गरे। नागरिकको सुरक्षाका लागि सुरुमा सुरक्षाकर्मीलाई नै बलियो बनाउनुपर्ने भन्दै सो ठाउँमा बोर्डर आउट पोष्टको स्थापना गरिएको बाहिनीपतिको भनाई थियो। सीमा सुरक्षाका लागि सबैको भूमिका महत्त्वपूर्ण रहने बताउदै बाहिनीपति खड्काले 'सीमा सुरक्षा गर्ने जिम्मेवारी सुरक्षाकर्मीको मात्र हो भनेर भन्नू हुन्न तपाई हामी नागरिकको पनि उत्तिकै भूमिका रहन्छ।' कार्यक्रममा बोल्दै नरैनापुर गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाहले सशस्त्र द्वन्द्वको विषम परिस्थितिमा स्थापना भई मुलुकमा शान्ति सुरक्षामा सशस्त्र प्रहरीले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै प्रशंसा गरे।

### वीरगन्जमा जरिवाना अभियान सञ्चालन

पर्सा। वीरगञ्ज महानगरपालिकाले चालेको अभियानका कारण महानगरवासीमा सचेतना जागृत भएको छ। महानगरपालिकाले निश्चित ठाउँ र समयमा फोहोर फाल्न महानगरवासीसँग आग्रह गर्दा पनि महानगरवासीले अटेर गरी तोकेको समय र ठाउँमा फोहोर नफालेपछि जरिवाना तोकिएको थियो। महानगरको यो निर्णयसँगै महानगरवासीले निर्धारित स्थान र समयमा फोहोर थुपार्न थालेका छन्। नगरप्रमुख राजेशमान सिंहले महानगरलाई स्वच्छ सुनदर, सफा र हारभरा बनाउने उद्देश्यका साथ सरसफाइ कार्यलाई प्राथमिकतामा राखेर अभियान चलाइएको बताउँदै नगरवासीले अटेर गरी जथाभावी फोहोर फाल्न नछाडेपछि कारबाही स्वरुप जरिवाना गर्ने गरिएको बताए। महानगरपालिकाले जरिवाना गर्नुभन्दा पनि फोहोर व्यवस्थापनमा नगरवासीको साथ र सहयोगको अपेक्षा गरेको उनले बताए। महानगरको सरसफाइ व्यवस्थापन शाखाका प्रमुख सर्फुदिन मियाँले तीन महिनादेखि महानगरपालिकाले जथाभावी फोहोर फाल्ने करिब १७५ जनामाथि कारबाही गरी चार लाख नौ हजार रुपियाँ राजस्व सङ्कलन गरेको जानकारी दिए।

### जनकपुर-जयनगर रेलसेवा विस्तार हुने

जनकपुरधाम। कुर्था-जनकपुरधाम-जयनगर ब्रोडगेज रेल्वे सेवाले वैशाख १ गतेबाट सेवा विस्तार गर्न लागेको जनाएको छ। यात्रुहरूको सुविधालाई ध्यानमा राखी बिहानको प्रथम सेवा कुर्थाबाट जयनगरतर्फ खुल्ने गरी वैशाख १ गतेदेखि नयाँ समय सारिणी सार्वजनिक गर्न लागिएको नेपाल रेल कम्पनीले जानकारी दिएको छ। जनकपुरधामको कुर्था-जयनगर रेल्वे अप एण्ड डाउन गरेर दैनिक चार पटक सञ्चालन हुने भएको छ। जसअनुसार बिहान सवा ७ बजे जनकपुरधामको कुर्थाबाट छुटेर बिहान सवा ९ बजे जयनगर पुग्ने छ भने जयनगरबाट बिहान साढे ९ बजे छुटेर बिहान साढे ११ बजे जनकपुरधामको कुर्था फर्किने भएको छ। जनकपुरधामको कुर्थाबाट फेरि मध्यान्ह २ बजेर ४५ मिनेटमा छुटेर ४ बजेर ४५ मिनेटमा जयनगर पुग्ने छ भने जयनगरबाट साँझ ५ बजे छुटेर साँझ ७ बजे जनकपुरधामको कुर्था फर्किने गरी रेल्वेको समय निर्धारण गरिएको रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले जानकारी दिएका छन्। जयनगरदेखि जनकपुरधामको कुर्थासम्मको ३५ किलोमिटरमा यात्रीसहित दिनको चार पटक रेल चल्ने भएको भएको छ। रेलको भाडा दर यस अघि नै निर्धारण भइसकेको छ।

### परिवर्तन गर्न सबै लाग्नुपर्छ : मुख्यमन्त्री शाह

कैलाली। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले प्रदेशमा परिवर्तनका लागि सबै लाग्नुपर्ने बताएका छन्। आर्थिक वर्ष २०८०/८१ को पूर्वबजेट तर्जुमासम्बन्धी स्थानीय तहसँगको छलफलमा उनले सो कुरा बताएका हुन्। उनले जनप्रतिनिधि र कर्मचारीले जनताका बीचमा उभिनका लागि आचार र व्यवहार राम्रो बनाउनुपर्ने धारणा राखेका थिए। उनले प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीबीको समन्वयले प्रदेशको विकासको आधार बनाउन सकिने स्पष्ट पारे। प्रदेश सरकारले नीति, नियम र अन्य विकासका गतिविधिका हिसाबले जनतालाई निराश बन्न नदिने प्रतिबद्धता पनि उनले व्यक्त गरेका थिए। उनले सङ्घीयता, गणतन्त्र र लोकतन्त्रबारे गलत टीकाटिप्पणी हुने गरेको चर्चा गर्दै त्यसको कारकतत्व हामी त होइनौं भन्नेमा सचेत हुन पनि सबैमा आग्रह गरेका थिए।

### प्रादेशिक अस्पतालमा आकस्मिक अनुगमन

जनकपुरधाम। मुख्यमन्त्री सरोज कुमार यादवले प्रादेशिक अस्पताल जनकपुरधामको सेवा प्रवाह प्रभावकारी बनाउने कार्यमा बाधक हुने जो कोहीलाई कारबाही हुने चेतावनी दिएका छन्। उनले मंगलबार राति जनकपुरधाम प्रादेशिक अस्पतालमा आकस्मिक अनुगमन गर्ने क्रममा यस्तो चेतावनी दिएका हुन्। अस्पतालको ल्याबमा कार्यालय सहयोगीले जाँच गरेको खबर आएदेखि मुख्यमन्त्री यादवले प्रादेशिक अस्पतालको सेवा प्रवाह सुधार गर्न अग्रसरता एवम् तदारुकता देखाएका छन्। उनले मंगलबार राति ११ बजेतिर प्रादेशिक अस्पताल जनकपुरधामको आकस्मिक लगायत अन्य कक्षको अनुगमन गरे। अनुगमनको क्रममा ड्युटीमा रहेका चिकित्सक र कर्मचारीहरुलाई बिरामीको उपचारमा कुनै पनि प्रकारको लापरबाही सह्य नहुने बताउँदै सेवा प्रवाहमा तदारुकता देखाउन निर्देशन दिए। यसअघि मुख्यमन्त्री यादवले प्रादेशिक अस्पताल जनकपुरधामको अनुगमन गर्ने क्रममा अनुपस्थित रहेका निर्देशक डा. प्रमोद कुमार यादवलाई कारबाही गरिसकेका छन्। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहत रहेको प्रादेशिक अस्पताल जनकपुरधाममा अघिल्लो समय सेवा प्रवाहमा लापरबाही भएको जनगुनासो बढ्दै गएपछि मुख्यमन्त्री यादवले सेवा सुधारतर्फ पहल गरेका छन्। रेफर हाँस्पिटलको ट्याग हटाएर प्रादेशिक अस्पताल जनकपुरधाममा प्रभावकारी सेवा सुलभ तरिकाले उपलब्ध गराउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताउँदै मुख्यमन्त्री यादवले भने, 'अस्पतालमा लापरबाहीको ठाउँ छैन।' चिकित्सकले लापरबाही गरे बिरामी कहाँ जान्छ, उनले भने, 'डाक्टर भगवानको रुप हो भने व्यवहारमा उतारेर देखाउनुपर्छ। काम गर्न नचाह्ने डाक्टरसाबहरु अन्यत्र जान सक्नुहुन्छ,' उनले भने, 'सरकारी सेवा सुविधा लिने डाक्टर साबहरुले काम पनि सरकारकै गर्नुपर्छ।'

# संयुक्त...

गर्न ठोस नीति र कार्यक्रम तय गर्ने। जनताको सूचनाको हकको ग्यारेण्टी गर्ने, पूर्ण प्रेस स्वतन्त्रता प्रत्याभूत गर्ने र गोपनियताको हक सुनिश्चित गर्ने।

१४. सिँचाइ पुऱ्याउन नसकेका खेतीयोग्य भूमिमा नदी पथान्तर (डाइभर्सन) तथा भूमिगत र लिफ्ट सिंचाइको माध्यमबाट दीगो सिंचाइ सुविधा पुऱ्याउने। नदी कटान क्षेत्रलाई तटबन्धन गरी नदी उकास भूभागलाई व्यवस्थित रूपमा प्रयोगमा ल्याउन योजना बनाउने।

१५. भूमिको उत्पादन र उत्पादकत्व बृद्धिका लागि बैज्ञानिक भू उपयोग नीति प्रभावकारी रूपमा लागू गर्ने। संविधानको भावनाअनुसार भूमिहिन नागरिकहरूलाई स्थानीय तहको सिफारिसका आधारमा भूमि उपलब्ध गराउने। पुस्तौंदेखि बसोबास गरेका स्वबासीहरूको समस्या समाधान गर्ने। कृषि मजदुर, मुक्त कमैया, हलिया र भूमिहीन किसानको आर्थिक, सामाजिक उत्थान र बसोबासको व्यवस्था गर्ने। विगतका भूमिसम्बन्धि आयोगका प्रतिवेदनहरूसमेतलाई आधार मानी वैज्ञानिक भूमिसुधार गर्ने।

१६. रुग्ण उद्योगलाई पुनःसञ्चालन गर्न विशेष प्याकेज र औद्योगिक सुरक्षाको व्यवस्था गर्ने। चर्को ब्याज नियन्त्रण गर्ने तथा स्प्रेड दर घटाउने। आमसञ्चार क्षेत्रमा संलग्न कम्पनीहरूलाई पनि अन्य उद्योग सरह सुविधा उपलब्ध गराउने, परियोजना धितो राखी सहुलियतपूर्ण ऋण उपलब्ध गराउने।

१७. विकासको मुख्य उद्देश्य मानव विकास र त्यसको मुख्य आधार श्रम नै भएकाले श्रम-संस्कृतिलाई प्रोत्साहित गर्ने। देशभित्र उत्पादनका क्रियाकलाप वृद्धि गरी रोजगारी प्रदान गर्ने। वैदेशिक रोजगारीबाट पुँजी र प्रविधिसहित फर्केका नेपालीहरूलाई देशभित्र रोजगारमूलक व्यवसाय गर्न सम्भावित क्षेत्र पहिचान गरी लगानीको वातावरण निर्माण गर्ने।

१८. नागरिकलाई वस्तु तथा सेवा सहज, सरल र सुपथ तवरले उपलब्ध गराउनका लागि सार्वजनिक संस्थानहरूको व्यवस्थापनमा सुधार गरी व्यवसायिक, प्रतिस्पर्धी र प्रभावकारी बनाउने।

१९. सडक, बिजुली, पानी, ढल, सञ्चार लगायतका विकास निर्माणका कार्यहरूमा सम्बन्धित निकायहरूको बिचमा एकीकृत र समन्वयात्मक ढङ्गले निर्माण, सञ्चालन र परिचालन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा समन्वय इकाइ गठन गर्ने।

२०. भूकम्प, बाढीपहिरो, डुबान, भूक्षय तथा आगलागीजस्ता विपदबाट हुने जनधनको नोक्सानी कम गर्नका लागि डिजिटल प्रविधीमा आधारित पूर्वसर्तकता प्रणाली विकास गर्ने, आवश्यकतानुसार बस्ती स्थानान्तरण गर्ने र एकीकृत बस्ती निर्माण सुरु गर्ने।

२१. सरकारको पुँजीगत खर्च बढाउन ठेक्कापट्टाको निर्णय प्रक्रिया पारदर्शी, जवाफदेही र छिटोछरितो बनाउने, घरजग्गा अधिग्रहणमा देखापरेका मुआब्जा विवादहरू समाधान गर्ने, सांस्कृतिक सम्पदा क्षेत्र अतिक्रमण नहुने गरी आयोजनाहरू बनाउने, प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदान घटाई समानीकरण अनुदान बढाउने लगायतका कार्यहरू गर्ने।

२२. सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने। विदेश भ्रमण, नयाँ भवन निर्माण, सवारी साधन खरिद तथा कार्यालय सञ्चालन खर्चमा कटौती गर्ने।

२३. भुक्तानी सन्तुलनलाई सकारात्मक बनाउन तुलनात्मक लाभका आन्तरिक उत्पादनमा जोड दिने र आयात नियमन तथा निर्यात प्रबर्द्धनका रणनीति कार्यान्वयनबाट व्यापार घाटा घटाउने।

## २.३. सामाजिक रूपान्तरण

१. मानव विकास सूचकाङ्क तथा जनसङ्ख्या र भूगोलको आधारमा सबै प्रदेशको सन्तुलित विकासमा जोड दिने। गरिबीको रेखामुनी रहेका जनतालाई अत्यावश्यक वस्तुहरू सुपथ मूल्यमा वितरण गर्न गरिब घर परिवार परिचय पत्रको व्यवस्था तथा सबैका लागि सार्वजनिक वितरण प्रणालीको व्यवस्था गर्ने।

२. गुणस्तरीय, रोजगारमूलक, व्यवसायिक र प्राविधिक शिक्षामा जोड दिँदै सङ्घीयताको मान्यताअनुरूप शिक्षा प्रणालीलाई पुनर्सरचना गर्ने, पाठ्यक्रमलाई परिमार्जन गर्ने र शिक्षालाई जनताको पहुँचभित्र राख्न सामुदायिक शिक्षा प्रभावकारी बनाउने। निजी विद्यालयहरूमा अभिभावकहरूलाई चर्को आर्थिक भार पर्न नदिने। संविधानबमोजिम मातृभाषामा शिक्षाका लागि आवश्यक व्यवस्था गर्ने। विश्व विद्यालयहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्न आवश्यक व्यवस्थासहितको विश्वविद्यालय छाता ऐन जारी गर्ने।

३. प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने। स्वास्थ्यमा जनताको सरल र सहज पहुँच स्थापित गर्न स्वास्थ्य केन्द्र र आधारभूत अस्पतालहरूलाई बिस्तार गरी स्वास्थ्य सेवालाई जनताको घरदैलोमा पुऱ्याउने। सबै प्रदेशहरूमा विशिष्टिकृत अस्पताल स्थापना गर्ने। स्वास्थ्य बिमाको व्यवस्थालाई प्रभावकारी बनाउने। उच्च रक्तचाप, मधुमेह, क्यान्सर, दम, मृगौला, कलेजो र महिलाहरूको पाठेघरसम्बन्धी रोगको उपचारका लागि सरकारले दिई राखेको सहयोगको दायरा विस्तार गर्ने।

४. मजदूर, किसान, बौद्धिक पेशाकर्मी लगायतका श्रमजीवी वर्गको श्रमको सम्मानका साथै रोजगारका लागि ठोस नीति बनाउने। शैक्षिक बेरोजगारलाई प्रमाणपत्र धितो राखी दिइने ऋण सहजरूपमा उपलब्ध गराउने। बेरोजगारलक्षित कार्यक्रम ल्याउने।

५. सहकारी क्षेत्रलाई गरिबी उन्मूलन र रोजगार प्रवर्द्धनको क्षेत्रको रूपमा राज्यले प्राथमिकता दिने। गरिबीको रेखामुनि रहेका जनतालाई खाद्य, शिक्षा, स्वास्थ्य, आवास, सीप विकास र रोजगारीको कार्यक्रम ल्याउने।

६ देश विकास प्रक्रियालाई आधुनिक प्रविधिसँग आवद्ध गर्ने। मानव जीवन सहज र उत्पादनमुखी बनाउन विद्यालयदेखि विश्वविद्यालयसम्म विज्ञान र प्रविधिको अध्ययन, अनुसन्धान र शिक्षालाई उच्च प्राथमिकता दिने।

७. जेष्ठ नागरिक, असहाय, अशक्त, अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा विपन्न व्यक्तिहरूका साथै दलित, उत्पीडित तथा पिछडिएको वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत तथा लोपोन्मुख समुदायलाई दिइएको सामाजिक सुरक्षाको दायरालाई विस्तार गर्ने। अपाङ्गता भएकाहरूलाई रोजगारका लागि विशेष तालिम एवम् अवसर दिने।

८. सहरी पूर्वाधारहरूको निर्माण तथा विकासलाई वातावरणमैत्री बनाउने तथा सांस्कृतिक सम्पदाहरूमा असर पर्न नदिने। अव्यवस्थित सहरीकरणलाई व्यवस्थित गर्न गुरुयोजना बनाउने। असुरक्षित र छरिएर रहेका ग्रामिण बस्तीहरू सुरक्षित र सुविधासम्पन्न स्थानमा स्थानान्तरण गर्न एकीकृत वस्तीको रणनीति तय गर्ने। खानेपानी नपुगेका सबै बस्तीहरूमा स्वच्छ खानेपानी पुऱ्याउने।

९. महिलाको सुरक्षित मातृत्व तथा प्रजनन् अधिकारसम्बन्धी ऐनलाई यथासिघ्र कार्यान्वयन गर्न नियमावली तथा कार्यविधि निर्माण गर्ने। महिलाविरुद्धका सबै विभेदहरू, पितृसत्तात्मक परम्परागत मान्यता र व्यवहारको अन्त्य गरी लैङ्गिक समतामूलक समाज निर्माण गर्ने। बलात्कार, घरेलु हिंसा, एसिड आक्रमण र बेचबिखनजस्ता अपराध गर्नेलाइ कडा कारबाही गर्ने। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकार सुनिश्चित गर्ने।

१०. युवाको अधिकार शिक्षा र रोजगारको अवधारणालाई व्यवहारिक रूप दिने। ऊर्जाशील युवा जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न उद्यमशीलताउन्मुख सीप, पुँजी र व्यवसायिक तालिम दिने र सहुलियतपूर्ण ब्याजदरमा बिउपुँजी उपलब्ध गराउन स्टार्टअप कोष स्थापना गर्ने।

११. खेलकुदलाई उद्योगको रूपमा विकास गर्ने र अन्तर्राष्ट्रिय स्तरको खेलकुद पूर्वाधार निर्माण तथा खेदकुद पर्यटनको विकास गर्ने।

१२. सबै समुदायको भाषा, लिपि, संस्कृति, सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने। जाति, भाषा, धर्म र संस्कृतिको आधारमा गरिने सबै प्रकारका भेदभावको अन्त्य गर्ने। नेपाल छुवाछुतमुक्त राष्ट्र घोषित भइसकेको सन्दर्भमा जातपातजन्य विभेद अन्त्यका लागि प्रभावकारी कदम चाल्ने।

१३. श्रमिकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आवद्ध गराई उनीहरूको आर्थिक तथा सामाजिक जोखिमलाई न्यूनिकरण गर्ने। सामाजिक सुरक्षा कार्यक्रमलाई अर्थतन्त्रका औपचारिक क्षेत्रका अतिरिक्त अनौपचारिक तथा स्वरोजगार र वैदेशिक रोजगारीका क्षेत्रमा बिस्तार गर्ने।

१४. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र पारदर्शी बनाउन तथा सेवाग्राहीलाई नजिकको स्थानबाटै सेवा प्रदान गर्न प्रत्येक पालिकामा रहेका रोजगार सेवा केन्द्रमार्फत श्रम स्वीकृतिका लागि आवेदन दिने व्यवस्था मिलाउने। श्रमिकको समस्या हल गर्न मन्त्रालयमा भएको हटलाइन कल सेन्टरलाई प्रभावकारी बनाउने र मोबाइल एप्समार्फत निगरानी गर्ने व्यवस्था मिलाउने।

## २.४. गुणस्तरीय सेवा प्रवाह, सुशासन र सदाचार

१. सुशासनयुक्त तथा भ्रष्टाचारमुक्त शासकीय व्यवस्था निर्माण गर्न इ-गभर्नेन्स ऐन यथाशीघ्र संसदमा प्रस्तुत गरी पारित गर्ने। राज्यका सबै संयन्त्रलाई निष्पक्ष र जवाफदेही बनाउने। हालको प्रशासकीय प्रणालीलाई कानुनी जटिलता र प्रक्रियागत भन्भ्कटबाट मुक्त गर्न कार्यगत इकाई प्रणाली (Functional Unit System) मा ढाल्ने।

२. समाजमा शान्ति सुव्यवस्था कायम गर्न अपराध र अराजकता नियन्त्रण तथा दण्डहीनताको अन्त्य गर्ने।

३. शिक्षा, स्वास्थ्यलगायत सामाजिक तथा सार्वजनिक क्षेत्रका पदहरूमा नियुक्ति र पदोन्नति गर्दा सरकारले रोष्टर निर्माण गरी वरिष्ठता, योग्यता-क्षमता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा माथिल्लो स्थानमा रहेकालाई पदोन्नति गर्ने पारदर्शी प्रणाली अवलम्बन गर्ने।

४. सेवाग्राहीलाई दिइने सेवा प्रवाहलाई सहज, सरल, छिटोछरितो र भन्भ्कटरहित बनाउन तथा जनतालाई लाइनको सास्तीबाट मुक्त गराउनका लागि नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानी, सरकारी अस्पताल, यात्रुवाहक सवारी साधन, ठेकापट्टा लगायतका सेवामा अनलाइन प्रणाली, टाइम कार्ड तथा टोकन प्रणाली लागू गर्ने/। ई-बिडिङलाई थप प्रभावकारी बनाउने। सरकारले प्रदान गर्ने सेवामा लाग्ने समय एकतिहाइले घटाउने गरी प्रशासनिक सुधार गर्ने।

५. सार्वजनिक सेवाको क्षेत्रमा विद्यमान भ्रष्टाचार निर्मूल गर्नका लागि सरकारले तदारुकताका साथ कदम चाल्ने। अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई थप प्रभावकारी बनाउन स्रोतसाधन तथा आवश्यक जनशक्ति उपलब्ध गराउने।

६. राष्ट्रिय सतर्कता केन्द्र र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई परिणाममुखी र प्रभावकारी बनाउने।

७. छिटोछरितो कार्य सम्पादनका लागि न्यायपालिका र संवैधानिक अङ्गहरूको संस्थागत सुधार गर्ने।

८. सवारी चालक अनुमतिपत्र सबै प्रदेशहरूबाट तथा राहदानी सबै जिल्लाहरूबाट सहजरूपमा उपलब्ध गराउने।

९. सार्वजनिक कामहरूमा सेवाग्राहीहरूले नागरिकता प्रमाणपत्र र राष्ट्रिय परिचयपत्र दुबै बुझाउनुपर्ने दोहरोपनालाई मापदण्ड बनाई हटाउने। एउटै काममा धेरै कागजातहरू बुझाउनुपर्ने भन्भ्कट हटाउन राष्ट्रिय परिचयपत्रमा व्यक्तिको सम्पूर्ण बिवरण समावेश गरी पालिकाहरूबाट वितरण गर्ने व्यवस्था गर्ने।

१०. दैनिक उपभोगका वस्तुहरूको आपूर्ति सहज तुल्याउने। महङ्गी, तस्करी, कृत्रिम अभाव, कालाबजारी, खाद्यवस्तुहरूमा मिसावट र वस्तु तथा सेवामा हुने सिण्डिकेट प्रणाली अन्त्य गर्ने।

११. सबै प्रकारका वस्तु र सेवाको मूल्यमा सरकारले नियमन गर्ने। नापतौलमा ठग्ने तथा गुणस्तरहीन वस्तुको बिक्री वितरण गर्नेहरूमाथि सख्त कारबाही गर्ने। उपभोक्ताहरूको हितका लागि बजार अनुगमनलाई प्रभावकारी बनाउंने।

१२. मिटरव्याजलाई दण्डनीय अपराध बनाउने गरी कानुन संशोधन गर्ने। यस सम्बन्धमा मिटरव्याज अपराध नियन्त्रण सिफारिस कार्यदलको २०७९ भाद्र २७ को प्रतिवेदनलाई कार्यान्वयन गर्ने र अधिकारसम्पन्न जाँचबुझ आयोग गठन गर्ने।

१३. प्रभावकारी सार्वजनिक सेवाप्रवाहको प्रयोजनका लागि सेवाग्राहीहरूको पहिचानजन्य तथा अन्य तथ्याङ्क एकैपटकमा सङ्कलन गर्न आवश्यक कानुनी व्यवस्था गर्ने। सम्पूर्ण सरकारी एवम् सार्वजनिक विद्युतीय कारोवार प्रणालीहरूलाई एकीकृत गरी सुरक्षित रूपमा सञ्चालन गर्ने। सरकारी निकायका सूचना प्रविधि प्रणालीहरूका बिच अर्न्तआबद्धता कायम गरी नागरिकका तथ्याङ्क सहज आदानप्रदान हुने व्यवस्था मिलाउने।

१४. विभिन्न सरकारी निकायबाट प्रवाह गरिने अनलाइन सेवाहरू एकद्वार समाधान (One stop solution) प्रणालीको अवधारणाअनुसार, सेवा प्रवाहको पहुचलाई बढीभन्दा बढी सहज बनाउन एकीकृतरूपमा प्रदान गर्ने व्यवस्था मिलाउने। उपरोक्त कार्यहरू विद्युतीय सुशासन आयोगमार्फत गर्ने।

## २.५. शान्ति प्रक्रियाको पूर्णता तथा सङ्क्रमणकालीन न्याय

१. तत्कालिन सरकार र नेकपा (माओवादी) बिच भएको विस्तृत शान्ति सम्झौताको बाँकी काम तथा तराई/मधेस लगायतका आन्दोलनका क्रममा सरकार र आन्दोलनकारीहरूबिच भएका सहमति र सम्झौताहरूलाई तदारूकताका साथ कार्यान्वयन गर्ने।

२. संसदमा विचाराधीन बेपत्ता पारिएका व्यक्तिको छानवीन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनको संशोधन विधेयक यथाशीघ्र पारित गरी आयोग गठन गर्ने र आयोगलाई आवश्यक स्रोत-साधन र जनशक्ति उपलब्ध गराउने।

३. शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायसम्बन्धी बाँकी काम २ वर्षभित्र पूरा गर्ने। द्वन्द्वपीडितहरूलाई क्षतिपूर्ति, पुनःस्थापना र परिपूरणको व्यवस्था गर्ने।

४. देशका विभिन्न भागहरूमा भएका आन्दोलनको क्रममा लगाइएका मुद्दाहरूको पुनरावलोकन गर्ने। झुठा मुद्दाहरू खारेज गर्ने र राजनीतिक प्रकृतिका बन्दीहरूलाई रिहाइ गर्ने।

५. आन्दोलनका क्रममा घाइते तथा अङ्गभङ्ग भएका व्यक्तिहरूलाई उपचार, रोजगारी, स्वरोजगारका अवसर र पुनर्स्थापन सम्बन्धी कार्य गर्ने।

## २.६. तात्कालिक राहत, पुनःनिर्माण र पुनर्स्थापन

१. बाढी, पहिरो र डुवानबाट विस्थापित परिवारलाई पुनःस्थापना गर्ने। विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने। कोभिड-१९ बाट उत्पन्न नकारात्मक परिणामलाई न्यूनिकरण गर्न आवश्यक कार्य गर्ने।

२. सहिद तथा बेपत्ता परिवार, द्वन्दपीडित र विस्थापितलाई राहत, पुनःस्थापना र सहायताका लागि व्यवस्था मिलाउने।

३. विभिन्न आन्दोलनमा घाइते भई उपचार नपाएकाहरूको यथोचित उपचारको व्यवस्था गर्ने, अङ्गभङ्ग भएकाहरूलाई क्षतिपूर्ति र परिवारका कम्तिमा एक जना सदस्यलाई रोजगारीको व्यवस्था गर्ने।

४ खाद्यान्न, पेट्रोलियम पदार्थलगायत जनताका अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरूको सहज र सुलभ आपूर्तिको व्यवस्था गर्ने। दुर्गम र पिछडिएको क्षेत्रमा नून, चिनी, चामल, औषधी लगायत अत्यावश्यकीय वस्तुहरू अभाव हुन नदिने।

५. कर्णाली र मधेस प्रदेश लगायत मानव विकास सूचकाङ्क कम भएका क्षेत्रहरूको विकासका लागि विशेष आर्थिक प्याकेजको व्यवस्था गर्ने। गर्भवती, सुत्केरी महिला र कुपोषणबाट प्रभावित बालबालिकाहरूलाई पोषणका कार्यक्रम प्रभावकारी बनाउने।

६. ग्रामीण क्षेत्रमा आकस्मिक दुर्घट्ना, बाढीपहिरो, प्राकृतिक प्रकोपजस्ता विपदको बेला सेवा प्रदान गर्न एयर एम्बुलेन्सको व्यवस्था गर्ने।

७. बिस युनिटभन्दा कम विजुली प्रयोग गर्ने गरिब र विपन्नका लागि विद्युत महसुल नलाग्ने र पचास युनिटसम्म विजुली उपभोग गर्ने उपभोक्ताका लागि विद्युत महसुल घटाउने। सिंचाइमा प्रयोग हुने विद्युतमा वर्षायाममा ८० प्रतिशत र हिउँदे याममा २० प्रतिशत महसुल छुट दिने।

८. दश हजार लिटरसम्म पानी उपभोग गर्ने परिवारलाई पानी निशुल्क उपलब्ध गराउने।

## २.७. पर्यावरणीय सन्तुलन तथा विपद् व्यवस्थापन

१. जलवायु परिवर्तनले उत्पन्न गरेको जोखिम न्यूनिकरण गर्न र वातावरण संरक्षण गर्न हरित अर्थतन्त्रको विकासमा जोड दिने। जनताको पर्यावरणीय अधिकार तथा जैविक विविधता संरक्षण गर्न ठोस कदम चाल्ने।

२. पर्यावरणमा समस्या उत्पन्न हुने गरी प्राकृतिक स्रोतसाधनको दोहन हुन नदिने। चुरे क्षेत्रको उत्खनन गरी ढुंगा, गिट्टी, बालुवा निर्यात गर्ने कार्यलाई रोक लगाउने। चुरे र शिवालिक पर्वत श्रृंखलाको संरक्षणका लागि सञ्चालित चुरे संरक्षण कार्यक्रमलाई प्रभावकारी बनाई तराई/मधेसको मरुभूमिकरण रोक्ने।

३. उद्योग, कलकारखाना र विकास पूर्वाधार निर्माण गर्दा वातावरणमा प्रतिकूल असर नपर्ने गरी वन क्षेत्रको उपयोगको व्यवस्था गर्ने। ठूला नदीको बहुउद्देश्यीय प्रयोग र एकिकृत विकासको नीति लागू गर्ने र वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) को आधारमा कार्यान्वयन गर्ने।

४. विनाशकारी डढेलो, उष्णवायु, आँधी, तुफान, चक्रवात, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, डुवान, हिमपहिरो, सुख्खा जस्ता प्राकृतिक विपदबाट उत्पन्न समस्याको रोकथाम, उद्धार, राहत र पुनर्स्थापनाका लागि प्रभावकारी कदम चाल्ने। विपद पूर्वसूचना प्रणालीलाई व्यवस्थित गर्ने र नदी नियन्त्रणका कार्यक्रमहरूलाई प्राथमिकता दिने।

५. हरित गृह ग्यास उत्सर्जनका कारण पृथ्वीमा बढ्दो तापमान तथा जलवायु परिवर्तनले जनताको जीवनमा पर्ने असर र जोखिमहरूलाई कम गर्न अनुकूलन र न्यूनीकरणको कार्यक्रम सञ्चालन गर्ने। सबै क्षेत्रहरूमा बैकल्पिक उर्जाको प्रयोगलाई प्राथमिकता दिने। हाइड्रोजन उर्जाको विकासका लागि आवश्यक व्यवस्था गर्ने।

६. जलवायु परिवर्तनका मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्ने, जलवायु सङ्कटले अल्पविकसित तथा हिमाली देशहरूमा उत्पन्न गरेको जोखिमबारे विश्वव्यापी रूपमा संवेदनशीलता जगाउने र सरोकारवाला मुलुकहरूको सञ्जाल निर्माणको पहल गरी आवश्यकतानुसार नेतृत्व लिने।

७. वातावरणमैत्री सहरहरूको विकासमा जोड दिने। फोहरमैलाको दिगो व्यवस्थापन गर्ने।

८. जलवायु परिवर्तनसँग सम्वद्ध विश्व सम्झौताहरूले ल्याएका अवसरहरु हरित जलवायु कोष, नोक्सानी क्षतिपूर्ति कोषजस्ता वित्तीय कोषहरूको रकम प्राप्त गर्न क्षमता अभिवृद्धि र कुटनीतिक पहल गर्ने।

## २.८. मुलुकको स्वाधिनता र राष्ट्रिय हितको संवर्द्धन

१. देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान र जनताको जीउधनको रक्षाको पूर्ण प्रत्याभूति हुने गरी राष्ट्रिय सुरक्षा नीतिलाई आवश्यक परिमार्जन गरी कार्यान्वयन गर्ने।

२. लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायतका क्षेत्रमा छिमेकी मुलुकहरूसँग समाधान हुन बाँकी सीमासम्बन्धी समस्याहरू कुटनीतिक माध्यमबाट समाधान गर्ने। सीमाको प्रभावकारी व्यवस्थापन र नियमनका लागि सीमा सुरक्षा चौकी (बीओपी) बृद्धि गर्ने।

३. जलस्रोत नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र राष्ट्रिय हितमा जलस्रोतको द्विपक्षीय र बहुपक्षीय उपयोग गर्ने।

४. वैदेशिक सहायतालाई राष्ट्रिय प्राथमिकताको क्षेत्रमा परिचालन गर्ने।

५. राष्ट्रिय हितप्रतिकूल रहेका सन्धि सम्झौताहरूको पुनरावलोकन गर्ने र आवश्यकता अनुसार नयाँ सन्धि सम्झौताहरू गर्ने।

६. सुरक्षा अङ्गको व्यवसायिकतामा जोड दिँदै मनोबल उच्च बनाउन आवश्यक साधनस्रोत उपलब्ध गराउने। प्रविधिको उच्च विकाससँगै बढेको साइबर सुरक्षा, उर्जा सुरक्षालगायतका चुनौतीहरूलाई सामना गर्न आवश्यक व्यवस्था गर्ने।

७. राष्ट्रिय सुरक्षा, समष्टिगत अर्थनीति एवम् रणनीतिक महत्त्वका आधारभूत विषयहरूमा राष्ट्रिय सहमति निर्माण गर्ने।

## २.९ अन्तर्राष्ट्रिय सम्बन्ध

१. संयुक्त राष्ट्रसङ्घको वडापत्र, असंलग्नता र पञ्चशीलका सिद्धान्त, विश्वशान्तिका मान्यता, अन्तर्राष्ट्रिय कानुन एवम् पारस्परिक हित र लाभका आधारमा परराष्ट्र नीति सञ्चालन गर्ने।

२. ठूला र साना देशहरूबीच सार्वभौम समानता तथा एक अर्काको आन्तरिक मामिलामा अहस्तक्षेपको नीतिको पक्षपोषण गर्ने। भूपरिवेष्ठित देशको अधिकारको सुनिश्चितताका लागि आवश्यक कार्य गर्ने।

३. दीगो शान्ति, आर्थिक रूपान्तरण र जनताको समृद्धिका लागि छिमेकी लगायत विश्वका सबै मित्र राष्ट्रहरूसँगको मैत्रीपूर्ण सम्बन्धलाई सुदृढ बनाउने। आपसी सहयोगका क्षेत्रहरू बिस्तार गरी सहकार्य र अन्तरआवद्धतालाई बढावा दिने।

४. देशको द्रूततर आर्थिक विकासका लागि वैदेशिक लगानी प्रवर्द्धन गर्न, अन्तर्राष्ट्रिय श्रम बजारमा पहुँच पुऱ्याउन, नेपाली वस्तुको बजारीकरण गर्न तथा नेपाललाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न आर्थिक कुटनीतिलाई अगाडि बढाउने।

५. क्षेत्रीय स्तरमा तनावरहित मित्रताका निम्ति आवश्यक पहलकदमी लिने। नेपालको भूमि कुनै पनि विदेशी मुलुकको विरुद्ध प्रयोग हुन नदिने। सार्क, विमिष्टेक, आईबिबिएन जस्ता क्षेत्रीय संस्थाहरूलाई गतिशील बनाउन प्रभावकारी भूमिका खेल्ने।

६. परराष्ट्र नीति निर्माणमा राष्ट्रिय सहमति कायम गर्ने।

उपरोक्त नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न नेपाल सरकारले प्रत्येक मन्त्रालयबाट ठोस कार्ययोजना बनाई कार्यान्वयन प्रक्रिया अघि बढाउने छ। सोको अनुगमन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले गर्नेछ।

# संक्षिप्त समाचार

## नक्कली परीक्षार्थी पक्राउ

रौतहट। देवाही गोनाही नगरपालिकाका नगरप्रमुखको नामबाट विद्यालय शिक्षा परीक्षा (एसइई) को गणित विषयको परीक्षा दिँदै गरेका एक जना नक्कली परीक्षार्थी पक्राउ परेका छन्। नगरपालिकाका प्रमुख प्रेमलाल साह कानुको नामबाट एसइई परीक्षा दिँदै गरेका गरुडा-६ पोठियाहीका कमल साहलाई प्रहरीले पक्राउ गरेको हो। पक्राउ परेका साह नगरप्रमुखको ज्वाई रहेको बताइएको छ। मौलापुर नगरपालिकास्थित लक्ष्मिनिया माध्यमिक विद्यालयको परीक्षा केन्द्रबाट उनलाई प्रहरीले पक्राउ गरेको हो। परीक्षा सञ्चालन भइरहेको बेलामा केन्द्रमा परीक्षा दिइरहेका साह प्रति अनुगमन टोलीलाई शङ्का लागि चेकजाँच गर्दा उनी नक्कली परीक्षार्थी रहेको पाइएपछि नियन्त्रणमा लिइएको हो।

## अभियानका संयोजकले तोडे अनसन

जनकपुरधाम। आमरण अनसनमा बसेका चुरे तथा वनजंगल संरक्षण अभियानका राष्ट्रिय संयोजक सुनिल यादवले आमरण अनसन तोडेका छन्। आमरण अनसनमा बसेका यादवले शनिबार बिहान आमरण अनसन तोडेका हुन्। मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले शनिबार बिहान आमरणस्थलमा संयोजक यादवलाई जुस खुवाएर अनसन तोड्न लगाएका थिए। सुनिल यादव बिहीबार साँझ ४:०० बजेदेखि भूमिहीन दलित, सुकुम्वासीहरूको भूमि अधिकारका निम्ति र चुरे वन जङ्गल संरक्षणसहितको विभिन्न ६ बुँदे मागसहित जनकपुरधामको जनक चोकमा आमरण अनशनमा बसेका थिए। मुख्यमन्त्री यादवले एक साताभित्र एक समिति गठन गरेर प्रदेश सरकारले गर्न सक्ने सबै काम गर्ने तथा केन्द्र सरकारसँग सरोकार रहेको विषयमा केन्द्र सरकारसँग पहल गर्ने बताएपछि यादवले अनसन तोडेका हुन्।

## स्कुटरको ठक्करबाट महिलाको मृत्यु

कपिलवस्तु। बाणगंगा नगरपालिका-४ ठाकुरापुरस्थित सडकमा लु.७९ प ३६६० नम्बरको स्कुटरको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ। सोही ठाउँ बस्ने ५४ वर्षीया लक्ष्मी न्यौपानेको आइतबार बिहान मृत्यु भएको हो। ठक्करबाट गम्भीर घाइते भएकी उनको युनाईटेड अस्पताल ठाकरापुर हुँदै चौराहा अस्पताल बुटवलमा थप उपचारको क्रममा मृत्यु भएको हो। स्कुटर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## ट्रकमा मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

कपिलवस्तु। बुद्धभूमि नगरपालिकामा ट्रकमा मोटरसाइकल ठोक्किँदा एक युवकको ज्यान गएको छ। बुद्धभूमि नगरपालिका-९ चम्पापुरस्थित सडकमा रोकी राखेको ग.१ ख ३८३५ नम्बरको ट्रकमा रा.३ प ७६७० नम्बरको मोटरसाइकल ठक्कर खाई शनिबार राति दुर्घटना हुँदा मोटरसाइकलमा सवार विजयनगर गाउँपालिका-४ त्रिपालनगर बस्ने २९ वर्षीय बाबुराम कुँवरको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार अन्य २ जनालाई उपचारको लागि भैरहवा मेडिकल कलेज रुपन्देही पठाइएको छ। दुवै सवारी साधन र ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## करेन्ट लागेर मृत्यु

रौतहट। चन्द्रपुर नगरपालिका-१ मंगलपुरमा ना.६ ख २३७९ नम्बरको ट्रक चालक धनुषा मिथिला नगरपालिका-११ बस्ने ५० वर्षीय डम्बर बहादुर योञ्जनको करेन्ट लागेर सोमबार राति मृत्यु भएको छ। ट्रकमा लोड भएको तारले विद्युतको तार छुँदा करेन्ट लागेर गम्भीर घाइते भएका उनको सर्लाही हरिओनस्थित नमुना अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## आगलागीबाट ३१ लाखभन्दा बढीको क्षति

मोरङ। जहदा गाउँपालिका-७ बस्ने शिव नारायण यादवको घरमा प्रदेश १-०२-००३ त ११८४ नम्बरको ट्याक्टरबाट थ्रेसर लगाउने क्रममा आगलागी भएको छ। बिहीबार दिउँसो आगलागी हुँदा घर, गोठ, भान्सा घर, भाँडावर्तन, लत्ताकपडा, खाद्यान्न लगायतका समान जलेर करिब ३१ लाख १४ हजार रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ।

## ब्राउनसुगरसहित दुई जना पक्राउ

रूपन्देही। देवदह नगरपालिका-२ ढेकावारस्थित प्रतिक्षालयबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब २ ग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। मंगलबार साँझ पक्राउ पर्नेहरूमा तिलोत्तमा नगरपालिका-२ बस्ने २३ वर्षीय राजेश थापा र सोही नगरपालिका-४ बस्ने २२ वर्षीय सिमान्त रायमाझी रहेका छन्। वडा प्रहरी कार्यालय बुटवल र प्रहरी चौकी खैरेनीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो।

## ट्याक्टर दुर्घटनामा एकको मृत्यु

कैलाली। चुरे गाउँपालिका-६ ओखलढुङ्गास्थित सडकमा सुदूरपश्चिम प्र.०१००२ त ५२६९ नम्बरको ट्याक्टर अनियन्त्रित भई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। बिहीबार दिउँसो दुर्घटना हुँदा चालक सोही गाउँपालिका आमथला बस्ने ३८ वर्षीय दान बहादुर सिजालीको घटनास्थलमै मृत्यु भएको छ।

## गहुँ खेतमा आगलागी हुँदा १० लाखभन्दा बढीको क्षति

रुपन्देही। गहुँ खेतमा आगलागी हुँदा १० लाखभन्दा बढीको क्षति भएको छ। सम्मरिमाई गाउँपालिका-४ बिजगौरीस्थित २४ जनाको १ सय ७० कट्ठा खेतमा रहेको गहुँबालीमा बिहीबार दिउँसो आगलागी हुँदा करिब १० लाख १४ हजार रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको हो।

## टिपर र ट्याक्टर ठोक्किँदा एकको मृत्यु

मोरङ। रतुवामाई नगरपालिका-१० सोमबारेस्थित सडकमा ना.१ क ६१६० नम्बरको टिपर र को.१ त ६५३६ नम्बरको ट्याक्टर एक-आपसमा ठक्कर खाई बुधबार दिउँसो दुर्घटना हुँदा ट्याक्टरमा सवार सोही नगरपालिका-४ बस्ने ४५ वर्षीय भुषण लाल चौधरीको घटनास्थलमै मृत्यु भएको छ। टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। हाल फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ।



# चीनको कुल ग्राहस्थ उत्पादनमा ह्रास

इजिङ । चीनको राष्ट्रिय जन कांग्रेस (एनपीसी) को १४ औं बार्षिक सम्मेलन र चिनियाँ जनराजनीतिक परामर्शदात्री सम्मेलन (सीपीपीसीसी) को वार्षिक पूर्ण सत्रमा चीनमा कुल ग्राहस्थ उत्पादन (जीडिपी) आउँदो वर्षहरुमा कसरी घटिरहेको छ भन्ने घटना बाहिर आएको छ ।

सन् २०२२ मा चीनले आफ्नो जीडिपी वृद्धि लक्ष्य ५ प्रतिशत भन्दा बढी राखेको थियो र उपलब्धि लगभग ३ प्रतिशत रहने दाबी गरेको थियो । उसको आन्तरिक कार्य प्रतिवेदन र उपलब्धिहरु अहिलेको भन्दा धेरै शंकास्पद कहिल्यै भएको थिएन । पहिलो पटक चीनले शून्य कोभिडको आफ्नै राज्य नीति फिर्ता लिएको छ र अर्थतन्त्र खोलेको छ। यसमा धेरै कारकहरू रहेका छन् जसले वर्तमान अवस्थालाई निम्त्याएको छ । यो बढ्दो रूपमा स्पष्ट भएको छ कि चीनले आफ्नो ऐतिहासिक टुलकिट दोहोर्याउने प्रयास गरिरहेको छ । राज्यको नीतिका कारण मानिसहरूलाई घरभित्रै बस्न बाध्य पारेको तीन वर्षपछि चीन अर्थतन्त्रको वास्तविक अवस्थाका धेरै तथ्याङ्क बाहिरिएको छ । चीनको रियल स्टेट क्षेत्र संकटग्रस्त भएको छ । यसको उदाहरण एभरग्रान्डे पतन हुनु हो । चीन र युरोपबाट अमेरिकी अर्थतन्त्रको ‘डिकपलिंग’ भएपछि चीनले युक्रेन द्वन्द्वमा रुसलाई कति हदसम्म सहयोग गर्छ भनी हेर्न खोजेको छ, यस्तो अवस्थामा विदेशी लगानी आर्जन गर्नु चीनको अर्को उद्देश्य हो । चिनियाँ अर्थतन्त्रको वास्तविक अवस्थाले विश्व स्तरमा चिन्ताजनक परिणाम ल्याउनेछ। यस्तै, चिन्ताको एउटा महत्वपूर्ण विषय भनेकोचीनको ऋणको जालो हो । चीनले अफ्रिकामा गुणस्तरीय पूर्वाधार परियोजनाहरू निर्माण गरिरहेका छन् र परियोजनाहरू पूरा हुने समय वितिसक्दा पनि सञ्चालनमा आएको नभए पनि ऋण तिर्न सरकारहरूलाई बाध्य पारिरहेको छ ।

आगामी वर्षमा चीनको लक्ष्य विदेशी लगानीमा ध्यान केन्द्रित गर्नु हो । तर भूराजनीतिक क्षेत्रमा पूरै असफलता सामना गरिरहेको छ । चीनले अपरिहार्य रूपमा जुन देशहरूबाट सहायता खोजिरहेको छ त्यसको विरोध गर्नेछ ।यो तथ्यले चीनले आफ्नो अनुमानित जीडीपी वृद्धि दर पूरा गर्न कहिल्यै सक्षम नहुने कुरा सुनिश्चित गर्दछ। आउने धेरै वर्षसम्म यसले तथ्याङ्कलाई झूटो बनाउने र अन्तर्राष्ट्रिय समुदायलाई सान्दर्भिक विश्व महाशक्तिको रूपमा आफ्नो चरित्र कायम राख्न धम्की दिनेछ।

आन्तरिक रूपमा चीनले ५५० बिलियन अमेरिकी डलर लगानी गर्ने योजना बनाएको छ । यस्तै, यसले २०२३मा सुरक्षा खर्चमा ७.२ प्रतिशतले वृद्धि गरी २२५ बिलियन अमेरिकी डलर पुऱ्याएको छ । यी गतिबिधि चीनले ताइवानसँग शान्तिपूर्ण पुर्नमिलन गर्ने आधिकारिक प्रचार सन्देशको विरोधाभास हो।

उही समयमा, प्राविधिक उद्योगमा आत्मनिर्भरता सुनिश्चित गर्ने बारे अस्पष्ट सन्देशहरू यो विश्वास गर्ने अर्को कारण हो । अर्को चिन्ताको विषय भनेको कोप-२७ को समयमा चीनले आफ्ना वाचाहरू पूरा नगर्नु हो। आधिकारिक रुपमा यो हो कि अधिकारीहरू आफैंले हावा र सौर्य परियोजनाहरूमा थप लगानीलाई प्रोत्साहन दिँदै कार्बन डाटा ठगीलाई रोक्न खोजिरहेका छन् । यी योजनाहरू कार्यान्वयन गर्ने प्रान्तीय र राज्य सरकारहरूले वास्तवमा युक्रेन द्वन्द्व चलिरहँदा ठूलो मात्रामा सस्तो रूसी कोइला भण्डारण गरिरहेका छन् । यो एक प्रकारको ऊर्जा युद्ध नाफामुखी हो र एकै समयमा आफ्नो ऊर्जा आवश्यकताहरू पूरा गर्न थर्मल पावर प्लान्टहरू खोलेर जीवाश्म ईन्धनमा चीनको निर्भरता बढाउँदैछ।

चीनको ‘दुई सत्र’ बाट निस्किएको अर्को महत्वपूर्ण सन्देश भनेको चीनले श्रमशक्ति र तथाकथित ‘जनसङ्ख्या लाभांश’ बारे बढ्दो चिन्तालाई ठूलो स्वरमा खण्डन गरेको छ । यस सम्बन्धमा राज्यको कुनै पहल नभएको भए पनि घट्दो जन्मदर र श्रमशक्तिको उमेर बढ्दै गएका कारण विवाहको कानुनी उमेर हद घटाउने भन्ने चिन्ताजनक हल्ला चीनमा चलिरहेको छ । अतिरंजित आन्तरिक तथ्याङ्कले पनि २०२२ मा जन्मेको करिब ९.५ मिलियन शिशुहरू मात्र देखाएको छ। युवाहरू राष्ट्रिय पुनर्जागरणको तथाकथित ‘चिनियाँ सपना’ प्रति बढ्दो मोहभंग हुँदैछन् । आगामी वर्षको अर्थतन्त्रलाई टेवा पुऱ्याउन खर्च मात्रै पर्याप्त हुने सरकारको भनाइ हामीले हेर्न सक्छौं । बढ्दो संक्रमण, चिकित्सा ऋण र संकटग्रस्त अर्थतन्त्रको बीचमा सामाजिक अपेक्षाहरू पूरा गर्ने चिन्ताका कारण जनसंख्या संकुचन जारी रहेकोले घरेलु मागको लागि कुनै प्रोत्साहन हुनेछैन। चिनियाँ इतिहास र संस्कृतिले वर्षौंदेखि अनगिन्ती पाठहरू सिकाएको छ र इतिहासबाट सिक्न इन्कार गर्नेहरूले आफ्नो गल्ती दोहोर्याउँछन् भन्ने पुरानो भनाइ साँचो हुँदैछ। १९६० मा, अधिनायकवादी नेता माओले आफ्नो ग्रेट लीप फर्वार्डको एजेन्डालाई अगाडि बढाए र विश्वको सबैभन्दा ठूलो रोकथाम गर्न योग्य अनिकालमा ३० मिलियनको मृत्यु भयो। एकताबद्ध शक्ति पाएका सी जिनपिङले आर्थिक एजेन्डालाई त्यतिबेलाको यथार्थलाई बेवास्ता गर्ने र मृत्युको संख्या लुकाउने गल्ती गर्न खोजेका छन् । सायद इतिहासको चक्रीय प्रकृति अपरिहार्य छ जहाँ भविष्यमा हामीले चिनियाँ राजनीतिज्ञ सीको मृत्युपछि सत्तामा उभिएको देख्नेछौं। यसले सी जिनपिङले माओ त्सेतुङलाई गरेजस्तै आफ्नै कथाको केन्द्रको चरणमा धकेल्दै सीको विचारका निशानहरू मेटाउने चरणहरू पछ्याउनेछ।

सत्तामा पार्टीको पकड कायम राख्दै खोक्रो आध्यात्मिक व्यक्तित्व छाड्नु चीनका शीर्ष अधिकारीहरूमाझ पुरानो परम्परा हो। चिनियाँ अर्थतन्त्रको असफलता शून्यकोभिड नीति हटाइएपछि र अर्थतन्त्रलाई पुनर्स्थापना गर्न राजनीतिक इच्छाशक्ति केन्द्रित हुन थाल्नेछ।

पूँजी लगानीको पृष्ठभूमि नहुँदा र ध्वस्त जनसंख्यासँगै चीनको आर्थिक सम्भावना धमिलो छ । यो एक ठुलो नोकरशाही र पुरानो तानाशाहको अहंवादी आवश्यकताहरूद्वारा सहयोग गरिएको छ जुन विरासत स्थापना गर्न बेताल प्रयास गर्दैछ। यी सबै कारकहरूको आधारमा, हामी कसरी सम्भवत: २०२३ जीडीपीको ५ प्रतिशत को वृद्धि दरलाई इच्छापूर्ण सोच र आधिकारिक प्रचार बाहेक अरू कुराको रूपमा हेर्न सक्छौं।

आगामी महिनाहरूमा वास्तविकता यस लेखको निराशावादी अनुमानहरू भन्दा स्पष्ट रूपमा फरक हुनेछ । किनकि विश्व अर्थतन्त्रमा चीनको भूमिकालाई कमजोर पार्ने प्रयास गर्दा विश्वव्यापी मन्दीलाई रोक्नको लागि संलग्न सबै पक्षहरूले केही गर्न खोजेका छन् । यद्यपि हामीले आधिकारिक रिपोर्टहरूलाई बेवास्ता गर्‍यौं र सरकारले रिपोर्ट गरिरहेको भन्दा चिनियाँ जनतासँग के भइरहेको छ भन्नेमा मात्र ध्यान केन्द्रित गर्‍यौं भने हामी बिस्तारै आउँदै गरेको मानव त्रासदीको राम्रो चित्र बनाउन सक्षम हुनेछौं ।

माओका पाठहरूबाट सिकेर, हामीले स्पष्ट रूपमा देख्छौं कि सीले शक्तिलाई सुदृढ गर्दै गर्दा, बलिको बोका सधैं प्रधानमन्त्री हुनेछन् । ली छ्याङको अस्तित्व अन्तत: सीको नीतिलाई कत्तिको राम्ररी लागू गर्दछ भन्ने कुरामा निर्भर उनको कार्यकालमा भयो । संकटको समयमा पार्टी टुलकिटमा अर्को प्रयास गरिएको र परीक्षण गरिएको विधि सधैं बाह्य ‘शत्रु’ लाई दोष दिने हो ।

विशेष गरी जब यो ताइवानको कुरा आउँछ, रूससँगको सहकार्य वा ऊर्जा स्रोतहरूको लागि प्रतिस्पर्धाको कुरा आउँछ। दु:खको कुरा, वर्तमान भूराजनीतिक परिदृश्यले कुनै पनि प्रमुख शक्तिहरूलाई जलवायु परिवर्तनमा प्रभावकारी रूपमा ध्यान केन्द्रित गर्न लगभग असम्भव बनाउँछ जसले यसलाई अझ बढी बनाउनेछ। अर्थतन्त्रहरूलाई ऊर्जाको स्वतन्त्रता बढाउँदै विकासको दिगो मोडेलहरू विकास गर्न गाह्रो छ।

## विमान दुर्घटनाको छानविन प्रतिवेदनसहित सम्पुर्ण रेकर्ड सार्वजनिक गर्न माग



काठमाडौं । माघ १ गते यति एयरलाइन्सको विमान पोखरामा दुर्घटना हुँदा ७२ जनाले ज्यान गुमाए। नेपालमा विमान दुर्घटना नौलो नभएपनि आन्तरिक उडाका विमान दुर्घटनामा भएको यो घट्ना सवैभन्दा ठुलो हो।

नेपालमा पहिलो पटक कालिंगा एयरको विमान सिमरामा दुर्घटना भएको थियो। त्यसपछि हालसम्म १०४ वटा हवाइ दुर्घटना भएका छन् भने ९२४ जनाले ज्यान गुमाइसकेका छन् । हरेक दुर्घटनापछि सरकारले छानविन समिति वनाउने गरेको छ। तर, छानविनको प्रतिवेदन भने सार्वजनिक गर्ने गरिएको छैन। सार्वजनिक भएपनि पाईलटलाई दोस देखाएर रफादफा गर्ने गरिएको छ।

हालसम्म विमान दुर्घटनाको छानविन गर्न कैयौं आयोग गठन भए, तर, तिनले दिएको सुझाव समेत कार्यान्वयन गरेको पाईदैन। बरु उल्टै मृत पाईलटलाई नै दोषको भारी बोकाउने र कमजोरीहरुलाई लुकाउने परम्परा नै वनिसकेको छ।

पछिल्लो घट्नामा पनि पाईलट र कोपाईलटलाई दोस दिएर घट्नालाई सिद्याउने प्रयास भईरहेको छ। विमान दुर्घटनापछि गठन भएको छानविन आयोगले प्रारम्भिक प्रतिवेदन सार्वजनिक गर्दै जहाजको पखेटाको अवस्था, मानवीय कारण र पोखरा विमानस्थलको अवतरणको हवाईमार्गबारे विस्तृत अध्ययन गर्नुपर्ने निष्कर्ष समेत निकालेको छ ।

गत माघ १ गते भएको दुर्घटना सम्बन्धी प्रारम्भिक प्रतिवेदन अनुसार दुर्घटना अघि विमानको कमाण्ड परिवर्तन भएको पाइएको छ । यसरी पाईलट र कोपाईलटलाई दोस दिएर अन्य कमजोरी दवाउन प्रयास गरेको भन्दै शुक्रवार काठमाण्डौंको शान्तिनगर निवासी विनय यादवले नेपाल नागरिक उड्डयन प्राधिकरणमा निवेदन दर्ता गरी छानविन प्रतिवेदन माग गरेका छन् ।

यादवले दर्ता गराएको निवेदनमा माघ १ गते का दिन यती एयरलाइन्सको नाईन एन-एएनसी, एटिआर-७२५०० जहाज दुर्घटनाबारे भएको छानविनको प्रतिवेदनको पूर्ण प्रति, दुर्घट्नाको अन्तिम समय एयर ट्राफिक कन्ट्रोल र पाइलट, कोपाइलट बीच भएको संवादको अडियो तथा दुर्घटनाग्रस्त ब्ल्याक बक्समा भेटिएका अडियो प्रमाण र त्यस दिन ब्ल्याक बक्समा संग्रहित रेकर्डलाई पुस्टि गर्ने निकाय तथा संलग्नहरुको आधिकारीता माग गरिएको छ।

‘विश्वमा हेर्ने हो भने हवाई यात्रा सवैभन्दा सुरक्षित मानिन्छ। तर नेपालमा भने घुस्याहाहरुका कारण हवाई यात्रालाई सवैभन्दा खतरानाक वनाईएको छ।’ यादव भन्छन्-‘अहिले पनि पाईलटलाई दोस दिएर विनमानमा भएका कमजोरीलाई दवाउने प्रयास भईरहेको छ। यो षडयन्त्रले पीडितलाई थप पीडा दिएकाले मैले न्यायका लागि पहल गरेको हुँ।’

नेपालको सन्दर्भमा अधिकांश विमान थोत्रा र कामै नलाग्ने विमानलाई उडान अनुमति दिएर आधा घण्टाको हवाई यात्रालाई पनि त्रासदीपूर्ण वनाईएको उनको भनाई छ। ‘सवैले देखिरहेकै हो। कुनैको उड्दाउड्दै ढोका खुल्छ, कुनैको ल्याण्ड गर्ने वेलामा चक्का नै खुल्दैन, कुनैमा हिड्दा हिड्दै आगो लाग्छ’ उनले भने -‘विमान दुर्घटना केका कारणले भईरहेको छ, यसले पुष्टि गर्दैन ? मरिसकेको मान्छे वोल्दैन भनेर जे पनि भन्दिने ?’

पछिल्लो घट्नामा पनि मरिसकेका पाईलटलाई दोसी वनाउने प्रपन्च भईरहेकाले वास्तविक्ता जनसमक्ष पुगोस भने आफुले यो प्रयास गरेको यादवले दावी गरे।


नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग

सडक डिभिजन ललितपुरको अनुरोध

सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो । सडक निर्माण गर्दा राज्यको ठूलो धनराशी खर्च हुन्छ । त्यसैले सडक डिभिजन ललितपुरअन्तर्गत निर्माण भइसकेका र निर्माण तथा विस्तार हुँदै गरेका सडक संरचनामा प्रतिकूल असर पर्ने गरी निम्न क्रियाकलापहरु नगरिदिनु हुन विनम्र अनुरोध गर्दछौं ।

१) सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं ।
२) सडक तथा सडक पेटीमा निर्माण सामग्री राखी यातायात तथा पैदन यात्रीलाई अवरोध नगरौं ।
३) सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
४) सडकमा गाडी धुने, सडकको नाली पुरी फोहोर गर्ने, सडक नालीमा ढल मिसाउने जस्ता कार्य नगरौं ।
५) सडकको पानी कुनै किसिमबाट निकास गरौं ।

डिभिजन प्रमुख



- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको ‘रेकर्ड’ राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

मधेश प्रदेश, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com






मटिहानी नगरपालिका

महोत्तरी, मधेश प्रदेश

## विश्व परिवेश

# भारत-भुटान साझेदारीको नयाँ युगमा

हालै डोक्लाम मामिलामा थिमपुरको अडान चीनको पक्षमा भारी देखिएको छ। बहस सकिएलगत्तै मोदीले भुटानका राजा जिग्मे खेसर नामग्याल वाङ्चुकलाई भेटेका थिए । पछिल्लो समय दक्षिण एसियामा कूटनीतिक दृष्टिकोणले यो अन्तर्वार्ता निकै सान्दर्भिक छ । भुटानका राजा सोमबार २ दिने भारत भ्रमणमा निस्किएका छन् ।



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मंगलबार भुटानका राजा जिग्मे खेसर नामग्याल वाङ्चुकसँग भेटवार्ता गरेका छन् । भुटानका राजासँग प्रधानमन्त्रीको भेटपछि विदेश सचिव विनय मोहन क्वात्राले भारतले राष्ट्रिय हितमा असर गर्ने विषयलाई जोगाउन आवश्यक सबै कदम चाल्ने बताए ।

प्रधानमन्त्री मोदीले वाङचुकसँग आर्थिक सहयोगलगायत विभिन्न क्षेत्रमा द्विपक्षीय संलग्नतालाई मजबुत बनाउने उपायबारे छलफल गरेको बताइएको छ । भारतका विदेश सचिव विनयमोहन क्वात्राले बैठकमा डोकलाम र चीनबारे प्रत्यक्ष छलफल नभएको बताए ।

यस द्विपक्षीय बैठकका दस हाइलाइटहरू हेरौं

१. भारतले भुटानलाई १३औं पञ्चवर्षीय योजना र सुधार परियोजनाहरूका लागि सान्दर्भिक आर्थिक सहयोग उपलब्ध गराउने वाचा गरेको छ।

२. भारत र भुटानले आर्थिक र विकास साझेदारीलाई मजबुत बनाउन सहमत भएका छन् ।

३. भुटानको अनुरोधमा भारतले थप स्ट्यान्डबाइ क्रेडिट सुविधा विस्तार गर्न काम गर्नेछ। यो दुई देशहरू बीच सञ्चालनमा रहेका दुई विद्यमान स्ट्यान्डबाइ क्रेडिट सुविधाहरूको शीर्षमा हुनेछ।

४. भारतले भुटानबाट कृषि निर्यातका लागि दीर्घकालीन दिगो प्रणाली सिर्जना गर्न काम गर्नेछ।

५. भुटानमा पेट्रोलियम, मल र कोइला लगायतका प्रमुख वस्तुको आपूर्तिको लागि दीर्घकालीन द्विपक्षीय व्यवस्था विकास गर्न दुवै पक्ष सहमत भएका छन्।

६. दुवै पक्षले भारत-भुटान सीमामा पहिलो एकीकृत जाँच चौकी (आईसीपी) स्थापना गर्न परीक्षण गर्न थालेका छन्, जुन जयगाउँ नजिकै हुनेछ।

७. कोक्राझार-गेलेफु रेल लिंक परियोजना दुई देशबीचको पहिलो रेल लिंक हुन लागेको हो । भारत सरकारको सहयोगमा प्रस्तावित आयोजनालाई द्रुत गतिमा अघि बढाउने प्रयास गरिनेछ ।

८. भुटानसँगको सबैभन्दा पुरानो जलविद्युत आयोजना चुखा जलविद्युत आयोजनाको महशुल वृद्धि गर्न भारत सहमत भएको छ । यसका साथै बासोचु जलविद्युत आयोजनाको बिजुली बेच्न भुटानको अनुरोधलाई भारतले 'सकारात्मक' रूपमा विचार गर्नेछ।

९. दुवै पक्षले नयाँ जलविद्युत् आयोजना, संकोश जलविद्युत् आयोजनालगायतको रूपरेखालाई अन्तिम रुप दिने प्रयास गर्नेछन् ।

१०. साथै, दुवै पक्षले आफ्नो ऊर्जा साझेदारी विस्तार गर्न खोजिरहेका छन्, विशेष गरी सौर्य क्षेत्रमा गैर-जल-नवीकरणीय ऊर्जाहरू समावेश गर्न, र ई-मोबिलिटीको क्षेत्रमा कसरी द्विपक्षीय सहयोग विस्तार गर्न सकिन्छ भनेर पनि खोजी गरिरहेका छन्। -इण्डिया न्यूज नेटवर्क

# अरुणाचल अविभाज्य रूपमा भारतको हो : व्हाइट हाउस

चीनले अरुणाचल प्रदेशका ११ स्थानको नाम परिवर्तन गरेको छ । त्यस सन्दर्भमा, भारतले कडा प्रतिक्रिया दिँदै भन्यो, “आफ्नो इच्छा अनुसार नाम राख्ने सत्य परिवर्तन हुँदैन।“ यसपटक अमेरिकाले दिल्लीको सन्देशलाई समर्थन गरेको छ । अरुणाचल भारतको अभिन्न अंग हो भन्ने सन्देश पनि अमेरिकाले दिएको थियो ।



यस सम्बन्धमा ह्वाइट हाउसका प्रेस सेक्रेटरी करिन जीन-पियरेले भने, “संयुक्त राज्यले लामो समयदेखि उक्त क्षेत्र (अरुणाचल प्रदेश) लाई भारतको अभिन्न अंगको रूपमा मान्यता दिएको छ। र हामी क्षेत्रीय दाबी र त्यस क्षेत्रको तथाकथित नाम परिवर्तन गरेर यथास्थिति परिवर्तन गर्ने एकपक्षीय प्रयासको कडा विरोध गर्दछौं। ”

यसैबीच, यसअघि मंगलबार नयाँ दिल्लीले अरुणाचल प्रदेश भारतको अभिन्न अंग थियो, अहिले पनि छ र रहने बताएको छ। चीनले आफ्नो इच्छा अनुसार अरुणाचलको नाम परिवर्तन गरे पनि त्यो तथ्य कहिल्यै बदलिने छैन ।

संयोगवश, बेइजिङले अरुणाचल प्रदेश वास्तवमा 'दक्षिणी तिब्बत' भएको दाबी गरेको छ। यस्तो अवस्थामा चीनको भारतसँग लामो समयदेखि विवाद छ । गत वर्ष डिसेम्बरमा पनि चिनियाँ जनमुक्ति सेनाका सैनिकहरूले अरुणाचल प्रदेशमा प्रवेश गर्ने प्रयास गरेका थिए।

यस सन्दर्भमा, चीनको आधिकारिक मिडिया ग्लोबल टाइम्सले आइतबार दावी गरेको छ कि चीनले 'दक्षिण तिब्बत' मा दुई मैदान, दुई आवासीय क्षेत्र, पाँच हिमाल चुचुरा र दुई नदीको नाम राखेको छ। ती ठाउँहरू चीनको प्रशासनिक जिल्लाको रूपमा पनि सूचीबद्ध छन्।

यसको जवाफमा भारतीय विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले मंगलबार भने, 'हामीले यो कुरा समाचारमा देखेका छौं। यसअघि पनि चीनले यस्तो गरेको थियो । हामी तिनीहरूको यो नामकरण अस्वीकार गर्छौं। आफूजस्तै नाम दिएमा सत्य परिवर्तन हुँदैन।“

यसअघि गत वर्ष ९ डिसेम्बरमा अरुणाचलको तवाङ क्षेत्रमा गलवान घटनाको जस्तै अवस्था भएको थियो । भिडन्तमा दुवै पक्षका धेरै सैनिक घाइते भए पनि कुनै हताहत नभएको रिपोर्टहरूले दाबी गरेका छन्।


चिनियाँ जनमुक्ति सेनाले वास्तविक नियन्त्रण रेखा पार गरेर भारतीय क्षेत्रमा प्रवेश गर्न खोज्दा भारतीय सेनाले प्रतिरोध गरेको बताइएको छ । हात-हात र लाठी ढुंगाको झडपमा भारतीय सेनाका ६ सैनिक घाइते भएका छन् । तवाङको उक्त क्षेत्रमा करिब ३०० चिनियाँ सेनाले घुसपैठ गरेको रिपोर्टले दाबी गरेको छ ।

-इण्डिया न्यूज नेटवर्क




बलान-बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश





छिन्नमस्ता गाउँपालिका
सप्तरी, मधेश प्रदेश


## जिल्ला समाचार

### देशकै उत्कृष्ट पालिका नरैनापुरलाई बधाई

बाँके । स्थानीय तहको कार्यसम्पादन मूल्यांकनमा बाँकेको नरैनापुर गाउँपालिका देशकै उत्कृष्ट पालिका घोषणा भएको भन्दै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेल नेतृत्वको टोली नरैनापुर पुगेर अध्यक्ष इश्तियाक अहमद शाहलाई बधाई दिएका छन् । आयोगका अध्यक्ष पौडेलले आगामी आर्थिक वर्षको लागि नरैनापुरलाई ६६ लाख रुपैंया वित्तीय समानीकरण अनुदान सिफारिस गरेको बताएका हुन् । नरैनापुरको स्थलगत निरिक्षण गरे पश्चात जनप्रतिनि र कर्मचारीहरु संग कुरा गर्दै आयोगका अध्यक्ष पौडेलेले नरैनापुरले गरेको कामको अन्य पालिकाले सिको गर्न जरुरी रहेको जिकिर गरे । अध्यक्ष पौडेलले नरैनापुरको शिक्षा र स्वास्थ्यका लागि थप बजेट अवश्यक रहेको देखिएकोले सम्बन्धीत मन्त्रालयलाई बजेट व्यवस्थापनका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । यस्तै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सदस्य विपिन राज निरौलाले संघीय सञ्चित कोषबाट तल्लो तहमा प्रदान गरिने वित्तीय समानीकरण अनुदान सिफारिसका लागि सय अंकभार दिएर आयोगले तयार पारेको कार्यसम्पादन मूल्यांकनमा नरैनापुर गाउँपालिकाले पाएको ७८.५२ अंकको आधारमा देशकै पालिका मध्ये सबैभन्दा बढी बजेट पाएको बताउदै नरैनापुरको विकासका लागि अझ राम्रो काम गर्न सुझाव दिदै उत्कृष्ट भएकोमा बधाई दिएका थिए । गाउँपालिकाका अध्यक्ष इस्तियाक अहमद शाहले आयोगका अध्यक्ष पौडेल, सदस्य निरौला र गाँउपालिका महासंघका समन्वय अधिकृत रविन पौडेललाई खादा मलालाले स्वागत गरे ।

### ६६औं सहकारी दिवस मनाइयो

विराटनगर । कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङद्वारा जिल्ला सहकारी संघ लि. मोरङले आयोजना गरेको ६६औं राष्ट्रिय सहकारी दिवस २०७९ को उद्घाटन भएको छ । सुन्दरहरैचा नगरपालिकास्थित विराटचोकको जेसिस हलमा सम्पन्न सहकारी दिवसको उद्घाटन गर्दै प्रदेश प्रमुखले भारतको दक्षिणी प्रान्तमा अन्नपातको हाहाकार हुँदा हरित क्रान्ति शुरु भएको र उक्त क्रान्ति सहकारिताको माध्यमबाट भई भारतले सिंगो भारतमा मात्र नभई विश्वबजारलाई नै अनाज उपलब्ध गराउन सफल भएको बताएका थिए । कार्यक्रममा वर्ष सहकारी व्यक्तित्व लक्ष्मीप्रसाद मेहता र विन्दा श्रेष्ठ, साथै सहकारी पत्रकारिता पुरस्कार चिना थापालाई प्रदेश प्रमुखको हस्तबाहुलीबाट प्रदान भएको थियो । कार्यक्रममा सुन्दरहरैचा नगरपालिकाका मेयर केदारप्रसाद गुरागाइँ, जिल्ला सहकारी संघ लि.का अध्यक्ष डिल्ली पोखरेलले मन्तव्य राखेका थिए ।

### पर्सामा सवारी दुर्घटनामा दुई जनाको मृत्यु

वीरगन्ज । पर्सा जिल्लाको दुई छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । जिराभवानी गाउँपालिका-१ स्थित सडकमा सुवर्णपुरबाट वीरगंजतर्फ जाँदै गरेको बिआर ०१ पिए २८७६ नम्बरको जिप आफै अनियन्त्रित भई मंगलबार राति दुर्घटना हुँदा जिपमा सवार ठोरी गाउँपालिका सुवर्णपुर बस्ने २९ वर्षीय नकुल पौडेलको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको स्थानीय मेडिकल हुँदै एलएस न्यूरो अस्पताल बारामा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार जिप चालकको प्रहरीले खोजी गरिरहेको छ । यसैगरी, वीरगंज महानगरपालिका-१७ अलौस्थित सडकमा ना.५ च ४७५ नम्बरको गाडीले प्र २-०३-०२२ प ९८०० नम्बरको मोटरसाइकललाई मंगलबार राति ठक्कर दिँदा मोटरसाइकल चालक जिराभवानी गाउँपालिका-३ परसवा बस्ने ४५ वर्षीय मनोज पासवानको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको नारायणी अस्पताल वीरगंजमा उपचारको क्रममा मृत्यु भएको हो । गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### खोरेत रोग उल्मुलन अभियान

कमल राज पौडेल, बर्दिया । एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय गुलरिया बर्दियाले खोरेत रोग उल्मुलन अभियान गरेको छ । अभियानअन्तर्गत १ दिने भ्याक्सिनेटर अभिमुखिकरण कार्यक्रम सहित गुलरिया नगरपालिका वडा ५ स्थित भिमशेन एकिकृत कृषि तथा पशुपालन फर्ममा रहेका पशुहरुलाई खोरेतको भ्याक्सिन लगाएर यस वर्षको खोरेत रोग उल्मुलन अभियान गरेको हो । यस वर्ष हाम्रो जिल्लाको लागि लुम्बिनी प्रदेश सरकारबाट खोरेत रोगको ६२ हजार ७ सय डोज खोप आएको छ । उक्त खोप लगाउनको लागि जिल्ला भित्रका ८ वटै स्थानीय तहमा रहेका ४१ जना खोप कर्ताहरुलाई खोपकर्ता परिचय पत्र, लगाउने पोषाक, हातमा लगाउने पन्जा, गम्बुट, ब्यागका साथै प्रति १ जना खोप कर्तालाई १हजार ५ सय २९ का दरले भ्याक्सिन र सिरिन्ज दिएको छ । १५ दिन भित्र सबै खोपकर्ताहरुले पशुलाई खोरेतको खोप लगाई सक्नु पर्ने हुन्छ । सबै खोपकर्ताहरुले आ-आफनो जिम्मेवारी इमान्दारीका साथ पुरा गर्नेछ र बर्दिया जिल्लालाई खोरेत रोग उल्मुलनको जिल्ला बनाउनमा सहयोग गर्नुहुने छ भन्दै सबै खोपकर्ताहरुलाई एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय गुलरिया बर्दियाका निमित्त कार्यालय प्रमुख अनिल कुमार शर्माले खोप सामाग्री हस्तान्तरण गरेका हुन् । जिल्ला भित्र पशु चौपायको संख्या गाई १ लाख २५ हजार ,भैसि १ लाख २४ हजार ,बाख्रा २ लाखको संख्या रहेको छ । प्रदेश सरकारको एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय यस जिल्लामा स्थापना हुनुभन्दा पहिला बर्दिया जिल्ला खोरेत रोगको उच्च जोखिम जिल्ला भएतापनि विगत ३ वर्ष देखि सधिंय र स्थानीय पशु सेवा शाखाले खोरेत रोगका विरुद्ध अभियान संचालन गरेपछी बर्दिया जिल्ला खोरेत रोग मुक्त जिल्ला भएको एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय बर्दियाका पशु विकास अधिकृत डा. सुमन खनालले बताए । डा. खनालका अनुसार -दिनहुँ कृषकहरुको गोठमा पशु संख्याको बृद्धि भैरहेको छ तर राज्यले दिने खोपको संख्या बृद्धि हुन सकेको छैन । उनले भने, त्यसैले गर्दा हामीले जिल्ला भित्र सरदर ४० प्रतिशत मात्र पशु चौपायलाई खोप लगाउन सकेका छौ ।

### खोप लगाउन छुटेका बालबालिकाको खोजी

नेपालगञ्ज । नेपालगञ्जमा खोप लगाउन छुटेका बालबालिकाहरूलाई घर-घरमा पुगेर खोजिँदैछ ।१६ महिनादेखि ५९ महिनासम्मका खोप लगाउन छुटेका बालबालिकाहरूलाई खोज्न सुरु गरिएको हो । वैशाखमा गर्ने पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणाका लागि खोप लगाउन छुटेका बालबालिकाहरूलाई घर-घरमा पुगेर खोज्न थालिएको हो । नेपालगञ्ज उपमहानगरपालिकाका २३ वटै वडामा स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरेर 'खोज र खोप' अभियान सञ्चालन गरिएको स्वास्थ्य महाशाखाका जनस्वास्थ्य निरीक्षक जागेश्वर बस्नेतले बताए । युनिसेफको सहयोगमा घरधुरी सर्वेक्षण भइरहेको छ । घरधुरी सर्वेक्षणको प्रगति र प्रभावकारिताबारे अनुगमन पनि गरिरहेको बस्नेतले बताए । हालसम्म वडा नम्बर ३, ८, १४ र २२ मा घरधुरी सर्वेक्षणको काम सम्पन्न भएको छ ।

### घुस लिएको आरोपमा २ पक्राउ

वीरगन्ज । सेवाग्राहीसँग घुस रकम लिएको आरोपमा बाराको मालपोत कार्यालयका एक कर्मचारीसहित दुई जना पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा कलैयास्थित मालपोत कायालय रामविश्वास साह कानुन र लेखापढी व्यवसायी गौरीशंकर कुशवाहा रहेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय हेटौडाबाट खटिएको टोलस्ले सेवाग्राहीसँग १५ हजार रुपैयाँ घुस लिएको आरोपमा घुस रकमसहित कानु र कुशवाहालाई पक्राउ गरेको हो । उनका अनुसार जग्गा रजिस्ट्रेसन पास गराइदिने भन्दै एक सेवाग्राहीसँग आइतबार अपरान्ह कायालय छेउकै एक पसलमा १५ हजार रुपैयाँ घुस लिदैं गरेको अवस्थामा ती दुवैलाई अख्तियारको टोलीले नियन्त्रणमा लिएको हो ।

### नहरमा डुबेर किशोरीको मृत्यु

कैलाली । जानकी गाउँपालिका-९ पूर्वी खैरीफाँटा बस्ने नागमल नाथ योगीको छोरी १४ वर्षीया सिर्जना नाथ योगीको नहरमा डुबेर मृत्यु भएको छ । सोही ठाउँस्थित रानी जमरा सिंचाई नहरमा पौडी खेल्ने क्रममा डुबेर आइतबार दिउँसो मृत्यु भएको प्रहरीले जनाएको हो ।

### ब्राउनसुगरसहित एक जना पक्राउ

कपिलवस्तु । मायादेवी गाउँपालिका-४ चाकरचौडाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब १० ग्रामसहित बाणगंगा नगरपालिका-८ बस्ने ३४ वर्षीय ओम बहादुर रानालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय चाकरचौडाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको लु.३० प ५४७३ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकल चालक रानालाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो ।

# दिशाविहीन राजनीतिक अवस्था र हाम्रो कार्यदिशा



**डीजे मैथिल**

देशको विद्यमान अवस्थालाई नियाल्दा असाध्यै नराम्रो संकेत महसुस भइरहेको छ। हरेक क्षेत्र कतै न कतै भूमरीमा फँसेको देख्दछु। सरकार गठन हुन्छ र महिना नबित्दै ढल्छ। नेकपा माओवादी केन्द्र नेतृत्वमा रहेको वृहत गठबन्धनको यो सरकारले समय दिन पार गरिसकेको छ, तर उपलब्धी के-के गर्‍यो भन्ने प्रश्न उठाउँदा शून्य हात लाग्दो रहेछ। हरेक पक्षको महत्वपूर्ण भूमिका हुन्छ तर यो सरकारले सयदिनमा २-४ वटा पनि उपलब्धीमूलक कार्य गरेको देखिएनन्।

गठबन्धन देशको हकमा गलाको घेघ भइसकेको छ। सरकार बनाउने क्रममा केही हदसम्म आवश्यक छ, यो अन्य ठाउँमा पनि हुँदोरहेछ तर हरेक कुरामा गठबन्धन राष्ट्रको हितमा कदापि हुँदैन। चुनाव लड्न पनि गठबन्धन नै रहिरह्यो भने यो निर्दलीय प्रणालीको स्वरुप भएन र ? त्यसैले लोकतान्त्रिक प्रणालीमा गठबन्धन राम्रो पक्ष होइन। कहीं नभएको कुरा नेपालमै हुँदोरहेछ भन्ने देखियो। अहिले केन्द्र र प्रदेश दुवै तर्फ हेर्दा विपक्षमा कुनै दल रहन चाहदैनन्। यसको कारण के होला ? सबैलाई कुर्सी नै चाहिएको रहेछ। मन्त्री नभई कतिपयलाई बाँच्ने नसक्ने अवस्था छ। त्यसैले गठबन्धन देशको हकमा उपयुक्त छैन।

देशको अर्थतन्त्रको कुरा गर्नुपर्छ। अत्यँन दुःख लाग्दो छ। ऋण माथि ऋण थपिँदै गरेको छ। आफ्नो उत्पादन केही छैन। ऋणको भरमा देश धानिरहेको छ। यतातिर सरकारको ध्यान पटक्कै छैन। जत लाउ तत खाऊँ भन्ने झै देशको अवस्था छ।



युवाहरुलाइ रोजगारी कसरी दिने, देशबाट पलायन हुन लागेका युवा समूहलाई कसरी रोक्ने र त्यसको व्यवस्थापन देशमै गर्ने तर्फ कुनै सोच, योजना सरकार तयार गरेको देखिएनन्।

कृषि, स्वास्थ्य, शिक्षाको बेथिति कसरी सच्याउने र व्यवस्थापन गर्ने त्यसतर्फ सरकारको आँखा पुगिरहेको पटक्कै देखिएनन्। सरकारमा बस्ने दलहरु नेपाली जनताको हकहित तर्फ कुनै कदम चालेको देखिएनन्। देशमा राजनेताको अभाव देखियो। नेपाली जनता चिन्तित छन् तर सरकारमा बस्ने नेतृत्वपंक्ति बेखबर छन्। यस प्रति नेपाल जनता पार्टीको ध्यान केन्द्रित भएको छ।

यता उपनिर्वाचन हुन लागेको छ। यसलाई हामीले कृत्रिम चुनाव भनेका छौं। यस चुनावमा पनि गठबन्धनले आफ्नो पावर लगाएको देखिएको छ। फेरि एकतन्त्रीय प्रणाली लागू गर्न सरकार खोजेको छ। यो पनि देश हितमा छैन। चुनाव निष्पक्ष हुने सम्भावना १०% पनि नरहेको हुँदा यस चुनावमा नेपाल जनता पार्टीले भाग नलिने भएको छ। यस्तो अप्राकृतिक गठबन्धनसहितको चुनावमा भाग लिनु कुनै औचित्य छैन।

पाँच वर्ष राम्रो तयारी गरेर मात्र चुनाव लड्ने नेपाल जनता पार्टीको निर्णय रहेको छ। एकात्म मानववाद सांस्कृतिक राष्ट्रवाद हाम्रो मुख्य विचारधारा रहेको छ। देश हिन्दू राष्ट्र थियो र आज पनि छ तर संविधानतः हिन्दूराष्ट्र निर्माण गर्न नेपाल जनता पार्टी देशको हरेक घर-घरमा पुगे, सचेतना फैलाएर मजबुत शक्तिको रुपमा पाँच वर्ष पछि आउने पार्टीको निर्णय रहेको छ। चुनाव चिन्ह कमल फूल एक दिन अवश्य स्थापित हुनेछ।

*(लेखक नेपाल जनता पार्टीका राष्ट्रिय उपाध्यष हुन्।)*

## इस्लामिक अतिक्रमणविरुद्ध प्रदर्शन




काठमाडौं। राष्ट्रिय एकता अभियानले जानकी मन्दिरमाथि जारी इस्लामिक अतिक्रमणविरुद्ध प्रदर्शन गरेको छ। अभियानको केन्द्रीय अध्यक्ष विनय यादवको नेतृत्वमा ललितपुर स्थित दमकल चौकदेखि रैली निकली मुस्लिम आयोगको अगाडि पुगेर प्रदर्शन गरिएको थियो। प्रदर्शनमा अभियानका अभियन्ताहरुले जानकी मन्दिरसँगैको जामे मस्जिद भत्काउ, मुस्लिम आयोग खारेज गर, इलस्लामिक अतिक्रमण बन्द गर, जानकी मन्दिर घेर्ने मुस्लिम बस्ती हटाउ, जिहादी आतंकवाद मुर्दावाद र हिन्दु एकता जिन्दावाद, समीम मियालाई कार्यवाही गर, नेपाललाई तालिवान बनाऊंन पाइदें,भन्दै नारा लगाएका थिए। कोण सभामा परिणत भएको प्रदर्शनमा अध्यक्ष यादवले पछिल्लो समय नेपालमा जिहादी गतिविधि बढेको बताए। उनले भने,'हिन्दुहरुमाथि मुस्लिमहरुले ज्यादती गरिरहेका छन्, तीन दिनअघि राम नवमीको अवसरमा जनकपुरमा निकालिएको शोभा यात्रामा मुस्लिमहरुले ढुंगामुढा गरेका थिए, जसले प्रष्ट हुन्छ की नेपालमा जिहादी गतिविधि बढेको छ।' सोही क्रममा उनले मुस्लिम आयोगले उक्त विषयलाई लिएर झुठो प्रेस विज्ञप्ति निकालेको बताए। उनले भने, मुस्लिम आयोगले मुस्लिम समुदायको बचाउमा प्रेस विज्ञप्ति निकालेको हो, यसले समाजिक सदभावमा असर पुर्‍याएको छ।' प्रदर्शनमा राष्ट्रिय विद्यार्थी परिषदका महासचिव पप्पू यादव, अभियानकी सदस्य मिना देवी, दिवस पटेल लयायत सयौंको संख्यमा अभियन्ताहरु सहभागी थिए।

## पूर्वखानेपानी मन्त्रीद्वारा जाहेरी दर्ता

कमल राज पौडेल देबकमल, बर्दिया, २३ चैत। जनमत पार्टीका नेता तथा पूर्वखानेपानी मन्त्री अब्दुल खानले नेपाल प्रहरीको साइबर ब्यूरोमा नाम किटानीसहित कडा कारवाहीको माग गर्दै साईबर काइमको मुद्दा दर्ता गराएका छन्। पूर्वमन्त्री खानले आफूलाई केही व्यक्तिहरुले योजनावद्ध तरिकाबाट चरित्र हत्या गर्ने उद्देश्यले गैरकानूनी रुपमा अश्लील भिडियो बनाई विभिन्न सामाजिक संजालको ग्रुपमा प्रसार प्रचार गरी रहेकाले आफूलाई मानसिक तनाब भैरहेको र उक्त घृणित कार्यले गर्दा पिछडीएका समुदायको हक अधिकारका लागि लडिरहेको जनमत पार्टीलाई समेत बदनाम गर्ने कार्य गरेकाले आफूले प्रहरी प्रधान कार्यालयको अपराध अनुसंन्धान तथा कारवाही शाखाको साईबर ब्यूरोमा मुद्दा दर्ता गराएका हुन्। साथै पूर्वमन्त्री खानले डिजिटल क्रान्तिका गलत कुराबाट बच्न सबैलाई आग्रह गर्दै गलत कार्यको विरुद्ध सहयोग गर्न समेत अनुरोध गरेका छन्। भिडियो बनाउने प्रसार प्रचार गर्ने व्यक्ति समूहलाई कानूनी कारवाही गर्न नेपाल प्रहरीले देखाएको सकियताप्रति पूर्वमन्त्री खानले सराहनीय कार्य रहेको बताएका हुन्। उनले प्रहरीको उक्त कार्यले आमनागरिक जनमत पार्टीका नेता तथा कार्यकर्ता र शुभचिन्तकहरुलाई धैर्यधारण गरी न्यायको पर्खाईमा बसिदिन अनुरोध गर्दै छिट्टै न्याय प्राप्त हुने विश्वास गरे।

## आर्थिक समाचार

### नयाँ वर्षमा कोमाकी इभीको आकर्षक अफर

काठमाडौं। कोमाकी इभीले 'उमेरको आधा अफर - उमेरको आधा जति पाउनुहोस् हजारमा डिस्काउन्ट त्यति' सार्वजनिक गरेको छ। कम्पनीले नयाँ बर्ष वि.सं. २०८० को अवसरमा यस्तो अफर ल्याएको हो। सो अफर अन्तर्गत कुनै पनि कोमाकी इभीको खरिदमा तपाईंको उमेर भन्दा ठ्याक्कै आधा बराबरको डिस्काउन्ट पाउन सकिनेछ। अर्थात २० हजार रुपैयाँको फ्ल्याट छुट (जुनको रकम बढी हुनेछ, त्यही लागू हुने गरि) एक्सचेन्ज मूल्याङ्कनमा अतिरिक्त २० हजार रुपैयाँ र ४० प्रतिशत डाउनपेमेन्टमा २ वर्षसम्मको इ.एम.आइ. पाउन सकिने कम्पनीले जनाएको छ। अफरको फाइदा उठाउदै नजिकैको कोमाकी सोरुम गई फ्री-टेस्ट राइड लिई कोमाकी स्कुटर खरिद गर्न कम्पनीले आग्रह गरेको छ। उक्त अफर आगामी बैशाख ३१ गतेसम्म मात्रै लागू हुने बताइएको छ।

### अन्जन श्रेष्ठको वाचापत्र सार्वजनिक

काठमाडौं। नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई)को यहि चैत २९ गते हुने निर्वाचनमा वरिष्ठ उपाध्यक्ष पदका प्रत्याशी अन्जन श्रेष्ठ तथा उनको टिमले बुधबार औपचारिकरुपमा टिम घोषणा गर्दै आफ्नो समूहको वाचापत्र सार्वजनिक गरेको छ।

वरिष्ठ उपाध्यक्ष पदका प्रत्याशी श्रेष्ठसहितको टिमले अरण्य होटल, हात्तिसारमा आयोजित घोषणासभामार्फत आफ्नो टिमका साथमा वाचापत्र सार्वजनिक गरेको हो।

वाचापत्र सार्वजनिक गर्दै जिवन्त, जिम्मेवार र जोशिलो निजी क्षेत्रको लागि आफुले उम्मेदवारी दिएको उनले बताए।

घोषणा कार्यक्रमा वरिष्ठ उपाध्यक्ष पदका प्रत्याशी श्रेष्ठले स्थानीय उत्पादनहरुको प्रवर्द्धन गर्दै औद्योगिक विकासमा अगाडि बढनुपर्ने बताए। नेपाल जस्तो मुलुकमा कुनै पनि व्यवसाय टिकाउनको लागि व्यवसाय विस्तार गर्न जरुरी भएको भन्दै श्रेष्ठले निजी क्षेत्रको नेतृत्वले साना र मझौला व्यवसायीको समस्यालाई समेत सम्बोधन गरेर सँगै अगाडि बढ्नुपर्ने बताए।

महासंघलाई नयाँ उचाईमा पुर्याउन र संस्थाको व्यवसायीक क्षमता अभिवृद्धिका साथै संस्थागत प्रभावकारीता बढाउन आफ्नो वाचापत्रलाई आधार मानेर काम गर्ने उनले स्पष्ट पारे।

आफ्नो टिमले सहभावना र सहकार्यको मुल आधारलाई लिएर अगाडि बढ्ने र हरेक उद्योग व्यवसायीलाई महासंघमा पहिचान दिलाउने प्रतिबद्धता उनले जाहेर गरे।


कार्यक्रममा वरिष्ठ उपाध्यक्ष पदका प्रत्याशी श्रेष्ठको समूहबाट जिल्ला नगरतर्फका उपाध्यक्षमा अरुणराज सुमार्गी, वस्तुगत तर्फका उम्मेदवारतर्फ मनिष लाल प्रधानले आफ्नो उम्मेदवारी घोषणा गरे। अन्जन श्रेष्ठ समूहसँग सहकार्य गर्दै एसोसिएट्सतर्फ उपाध्यक्ष पदमा स्वतन्त्र प्यानलबाट उम्मेदवारी दिएका भरतराज आचार्यले सामूहिकतामा विश्वास गर्ने हुँदा सोहिअनुसार सहकार्य गरिएको बताए। यस्तैगरी समूहको तर्फबाट वस्तुगत समूह तथा जिल्ला नगरतर्फका प्यानल सदस्यहरुले समेत आफ्नो उम्मेदवारी औपचारिकरुपमा घोषणा गरे।

## आगलागीबाट सावधानी अपनाऔं।

निम्न कारणबाट आगलागी हुनसक्छ,

- आगोको प्रयोगमा होसियारी नअपनाउँदा।
- प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
- हुरी बतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरबाही गर्दा,
- चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा।

त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं।



नेपाल सरकार

**विज्ञापन बोर्ड**

## ठूला...

वाणिज्य तथा आपूर्तिमन्त्री, सीता गुरुङ शहरी विकासमन्त्री छन्। कांग्रेसको भागमा ८ वटा मन्त्रालय परे पनि पार्टीभित्रको आन्तरिक विवादका कारण पार्टी सभापति शेरबहादुर देउवाले अहिले चार जनाको मन्त्रीको नाम मात्र पठाएका छन्।

यस्तै, नेकपा (माओवादी केन्द्र) बाट ऊर्जा, जलस्रोत तगा सिँचाइ मन्त्रालयको कार्यभार शक्ति बस्नेतले सम्हालेका छन्। त्यस्तै रेखा शर्मालाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सुदन किरातीलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अमनलाल मोदीलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कार्यभार दिइएको छ।

त्यस्तै, नेकपा (एकीकृत समाजवादी) बाट उपाध्यक्ष डा बेदुराम भुसाल कृषि तथा पशुपक्षी विकासमन्त्री र प्रकाश ज्वाला भौतिक पूर्वाधार तथा यायायातमन्त्री बनेका छन्। जनता समाजवादी पार्टी (जसपा) बाट अशोक राईले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको जिम्मेबारी पाएका छन् भने लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट शरतसिंह भण्डारी श्रम तथा रोजगारमन्त्री बनेका छन्।

त्यस्तै नागरिक उन्मुक्ति पार्टी (नाउपा) का अध्यक्ष रञ्जिता श्रेष्ठ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री र नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्रराय यादव महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री बनेका छन्।

यसरी हेर्दा ठूला दलहरुले मधेशबाट मत मात्रै लिने तर मधेशीलाई प्रतिनिधित्व नगराउने पूरानै प्रवृत्तिलाई निरन्तरता दिएका छन्। समानुपातिक समावेशिताको नारालाई नारामा मात्रै सीमित गरिएको छ।

## मधेश...

सम्बन्धित बस्तुहरुको श्रव्यदृश्य सामग्रीहरु राखी सर्वसाधारणलाई नेपाल एकीकरणसंग सम्बन्धित विषय बस्तुको थप जानकारी दिन सकिने उनले बताए।

साथै उनले मधेशमा गोरखा संग्रहालय निर्माण गर्न आफ्नो नीजि कोषबाट आर्थिक सहयोग गर्ने पनि प्रतिवद्धता जनाएका छन्। साथै उनले यस बिषयमा मधेश प्रदेश सरकार र पुरातत्व विभागमा पनि पहल गर्ने बताएका छन्।

पत्र बुझ्दै गोरखा संग्रहालय प्रमुख नवराज अधिकारीले यो अवधारणा अत्यन्त गम्भीर र रचनात्मक रहेको बताएका छन्।

'रौतहटमा गोरखा संग्रहालय विस्तार गर्न अनुरोध गर्नुभएको छ। त्यसका लागि त्यहाँ जग्गा निशुल्क उपलब्ध गराउने लिखित प्रतिवद्धता व्यक्त पनि गर्नुभएको छ', उनले भने, 'यो बर्ष गोरखा संग्रहालय विस्तार गर्ने हाम्रो योजना पनि छ। तर यसमा सबै काम गर्ने विभागले नै भएकाले म विभागमा यो पत्र फर्वाड गर्नेछु।'

गोरखा संग्रहालय पुगेका अहिराजले नेपाल एकीकरण अभियानमा योगदान गर्ने मधेशी, मुस्लिम, दलित र महिलाको योगदान झल्कने सामग्रीहरु पनि ग्यालरीमा राख्न अनुरोध गरेका छन्।

## बहुरुपिया...

साहले मधेश प्रदेशमा अघिल्लो र बर्तमान उपेन्द्र यादवको पार्टी जसपाको मुख्यमन्त्र छ, केन्द्रमा हरेक सरकारमा आफै मन्त्री हुँदा समेत मधेसका लागि केही गर्न नसकने र अहिले आएर मधेशी जनताको नाममा ढोङ्ग रचदै फेरी संसद छिर्ने प्रयास गरेको भन्दै त्यस्ता बहरुपियालाई बाराका जनताले ठिक लागाउने भने आशा राख्दछु उनले भन्नु भयो।

उनले मध्य तराई मधेसको बीच बीरगंज-कलैया-मलाही-कटहरीया सहितका रोडको निर्माण गराएको तथा आउँने दिनमा त्यहाँको बिकासका जिम्मा आफूले लिएर काम गर्ने प्रतिवद्धता जनाएका थिए।

साथै उनलेले देशमा भईरहेको भागवण्डाको राजनीतिलाई अन्त्य गर्न आम जनता पार्टीको उदय भएको बताए। जिल्ला कमिटिद्वारा आयोजित नगर अधिवेशनमा राकेश ठाकुरको अध्यक्षतामा ५१ सदस्य नगर कमिटि गठन गरिएको छ।

कार्यक्रममा आम जनता पार्टीका महासचिव एंव मधेस प्रदेशका इन्चार्ज उपेन्द्र साह, उपमहासचिव कुन्दन कुशवाहा, स्थायी कमिटी सदस्य मनोज यादव, शेख एकरामुल, पार्टीका जिल्ला अध्यक्ष धर्मेन्द्र पटेल, जिल्ला इन्चार्ज त्रिभुन साह अमर लगायतका नेताहरुले कार्यक्रमलाई संम्बोधन गरेका थिए।

## मधेशी...

६. नागरिकता विधेयक, २०७९ कानून बनेको घोषित गरियोस्।

७. लाल आयोगको प्रतिवेदन सार्वजनिक गरी मधेश, थरुहट आन्दोलनको क्रममा लगाइएका झूठा मुद्दाहरू खारेज गरियोस्।

८. नेपाल-भारत सीमा क्षेत्रमा घरायसी प्रयोगको निमित्त गृहस्थीका सामानहरु, खेतीमा प्रयोग गरिने मल-खाद तथा बिउ-बीजन अथवा व्यक्तिगत र विवाह-व्रतवन्धको प्रयोजनको निमित्त लत्ता-कपडा लगायत वन्दोवस्तीका सामानहरु ल्याउन लैजान सवारी साधन बाधित गर्ने, नागरिकसंग दुर्व्यवहार गर्ने जस्ता कार्यहरु तत्काल बन्द गरियोस्।

९. कृषि क्षेत्रमा प्रतिफलमूलक सुधारको निमित्त आधुनिकीकरण र तकनीकी ज्ञानको साथै समयमै मल-खाद, बीउ-बीजनको आपूर्तिको सुनिश्चितता गरियोस्।

१०. युवा श्रमशक्तिलाई स्वदेशमै रोजगारको व्यवस्था गर।

११. भ्रष्टाचारको नियन्त्रको निमित्त कारगार अभियान चलाउ।

## पहिचानवादी...

लगायत विशेषगरी आफूलाई खम्बुवान, लिम्बुवान, शेर्पालुङ, कोचिला जस्ता वादका लागि अतिवाद निम्त्याउने अभिष्टका साथ लागिपरेकाहरुसँग भने, सावधानीपूर्वक अघि बढ्नु उपयुक्त होला ! त्यस्ता अतिवादी प्रवृतिले वर्षौंदेखिको निरंकुश, एकाधिकारवाद, एकल जातिवादी राजतन्त्र र एकात्मक राज्य प्रणालीको पक्षपोषणको निम्ति उद्यत्त रहेको अनुमान गर्न सकिन्छ।

अप्छावारी, धन्यवाद !!

(लेखक स्वतन्त्र पत्रकार तथा सुम्निमा राष्ट्रिय साप्ताहिक सँग सम्बद्ध हुनुहुन्छ।)




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस्।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस्।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

**मधेश मिडिया हाउस**

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं